# नेपाली

(त्रैमासिक)

२०६८ माघ, फागुन र चैत पूर्णाङ्क २१०

## मदन पुरस्कार पुस्तकालयको अनुरोध

१. आफ्नो शहर, जिल्ला अथवा गाउँमा कुनै नयाँ पुस्तक, पत्रिका निस्केको थाहा पाउनुभएको छ भने पुस्तकालयलाई सूचना दिइहाल्नोस् ।

२. नि:शुल्क वितरण हुने प्रकाशन (किताब, बुलेटिन, बुकलेट, पर्चा आदि) जे पाउनुहुन्छ, पुस्तकालयलाई सम्झेर पठाइदिनुहोस् ।

३. यस पुस्तकालयलाई नेपाली भाषा र साहित्यको आधिकारिक सङ्ग्रहस्थल बन्न सहयोग गर्नुहोस् ।

४. अब त हामी 'इन्टरनेट'मा पनि पसेका छौँ । हाम्रो 'वेबसाइट' *www.madanpuraskar.org* बाट हामीकहाँ सङ्कलित पुस्तक तथा पत्रिकाहरूको सूची हेर्न सकिने छ । तर त्यो सजिलोसँग हेर्न भने आफ्नो कम्प्युटरमा 'नेपाली युनिकोड' जडेको हुनुपर्छ । त्यहाँ हेर्दा यहाँ नभएका तपाईंहरूका केही पुस्तकहरू भेटिए हामीलाई पठाइदिनुहोस् । हामी तत्काल तिनलाई सूचीकृत गर्नेछौँ ।

५. हाम्रो ठेगाना हो–
मदन पुरस्कार पुस्तकालय, पोस्ट बक्स नं. ४२
श्रीदरबारटोल– ४४७०२, ललितपुर, नेपाल ।
फ्याक्स नं.– (+९७७)-१-५५३६३९०
इमेल- *info@mpp.org.np*

**– पुस्तकालयाध्यक्ष**

## मदन पुरस्कार पुस्तकालयको पाना

# भटमासेका आशुकवि

घटराज भट्टराईको 'नेपाली लेखक कोष'मा पनि (पृ. ५४४) स्थान पाएका एक जना कवि हुन्, भक्तपुरछेउको भटमासे गाउँका रामचन्द्र पौडेल । म.पु.पु.मा पनि उनका दुई दर्जन जति पुस्तक दर्ता भएका छन्। तर ती वस्तुतः पुस्तक नभएर पुस्तिकाहरू हुन्, ८ देखि २०/२५ पृष्ठसम्मका। तिनका विषयवस्तु पनि राजा महेन्द्रका क्रियाकलाप गुणगान, पञ्चायत प्रशंसामै सीमित देखिन्छन्। पिङ्गल शास्त्रको ज्ञान यी कविमा मनग्गे भए जस्तो लाग्दैन। उनी आफैले बलै ती कविताहरू पाठ गर्दै बिक्रीवितरण गर्दै हिंड्थे। साना गाँठीका यी कवि अलि रोगी पनि रहेछन् क्यारे, चाँडै नै गए। तर घटराज भट्टराईको लेखक कोषमा समेत यिनको जन्म र मृत्युको साल मिति केही फेला पर्दैन। यी रामचन्द्र पौडेलले धेरै पढेलेखेका थिएनन् तर यी चलाख थिए– जीवन धान्ने कला यिनले राम्ररी सिकेका थिए। यिनले दरबारका जर्साब, कर्साब, सिडियो र अञ्चलाधीशका घर, ढोका, कुर्न जानेका थिए। त्यतैबाट यिनले आफ्नो जीउ पालेको बुझिन्छ। म.पु.पु.को पाना साधारणतः कवि लेखक व्यक्तिगत जीवनमा कैल्यै पनि चियाउँदैन। आज अपवाद जस्तो गरेर यो लेख किन देखा पऱ्यो भने– धेरै वर्षदेखि म.पु.पु.को एउटा फाइलमा च्यापिएर बसेको एउटा सानो खामको चर्चा गर्न लाग्दा अलिकति भूमिका नबाँधी नहुने भएर हो।

आशुकवि, भटमासे गाउँ (भद्रवास) का रामचन्द्र पौडेलको जीवन धान्ने 'चातुर्य'को झलक देखाउँछ, त्यो खामभित्रको सानो चिठीले। खाममा बाहिर यत्ति लेखिएको छ– "श्रीमाननीय कमल दीक्षितज्यूका समीपमा कवी रामचन्द्रले।" भित्रको चिठी बोल्छ यसरी–

"श्रीमान् मान्यवर कमल दीक्षितज्यू। नमस्कार। महोदय रानी जगदम्बाको मनको खिन्नता हट्ने कुरा थाहा भयको छ. डा. वसन्तबहादुर तथा वाशुदेव ढुङ्गानाले गरेको पोलेसी पत्ता लागेको

*(बाँकी पृष्ठ ३८ मा)*

# संस्कृत वाङ्मयमा सम्मान पुरस्कारको परम्परा र मदन पुरस्कार

– ठाकुर पराजुली

*[प्राध्यापक ठाकुर पराजुली गुठीका सदस्य हुन्। उनी त्रि.वि.मा केही वर्ष नेपाली विषयका विभागाध्यक्ष पनि रहेका थिए। नेपाली समालोचनाका निकै ओटा पुस्तक लेख्ने र सम्पादन गरी प्रकाशित गरिसके पनि 'नेपाली'ले भने उनको छाप्न पाएको पहिलो लेख यही नै हो। मदन पुरस्कारको स्वर्णवर्षका उपलक्ष्यमा गुठीले सम्मानित व्यक्तिहरूलाई पुरस्कार रकम नै स्वर्णमुद्रामा अर्पण गरेको विषयलाई लिएर व्यक्त गरिएको मार्मिक अभिव्यक्तिका लागि अलि ढिलो भए पनि गुठी विद्वान् प्राध्यापकप्रति आभार व्यक्त गर्दछ। – सम्पादक]*

केही वर्षअघि मदन पुरस्कार गुठीले आफ्नो स्वर्ण महोत्सव मनाउँदा त्यस उपलक्ष्यमा नेपाल राष्ट्र बैंकबाट गुठीको नामाङ्कित स्वर्णमुद्रा (असर्फी) छाप्यो। गुठीले पनि आफ्ना दुई ख्यातिप्राप्त सम्मान 'जगदम्बा-श्री' र 'मदन पुरस्कार' तिनै स्वर्णमुद्राकै रूपमा समर्पण गर्‍यो। त्यसले यथार्थमा गुठीको आफ्नो स्वर्ण महोत्सवको सार्थकता प्रमाणित भएको थियो। स्वर्णवर्षमा स्वर्णमुद्राकै पुरस्कार जुट्नु बडो रोमाञ्चकारी घटना हो। कतिपय त्यस्ता संस्था वा व्यक्तिका स्वर्ण महोत्सव मनाइएका समाचार प्राय: हामी सुन्ने गर्छौं र कतिपय अवस्थामा हामी त्यहाँ सरिक पनि भएका हुन्छौं तर त्यहाँ नामिक विशेषणका रूपमा मात्र स्वर्ण शब्दको प्रयोग भएको हुन्छ। तर मदन पुरस्कार गुठीलाई त्यो वर्ष यस्तो सौभाग्य प्राप्त भयो, जसको नाममा राष्ट्रले स्वर्णमुद्रा निकाल्यो र सम्मानीत प्रतिभाहरूले पनि चालीस चालीसओटा स्वर्णमुद्रा प्राप्त गरे। यो सौभाग्य गुठीले सहजै पाएको होइन; मदन पुरस्कार गुठीको गौरव, गरिमा र त्यसप्रतिको आस्थाबाट सम्भव भएको हो।

त्यस वर्षको स्वर्ण सम्मानबाट 'जगदम्बा-श्री' र 'मदन पुरस्कार'द्वारा सम्मानित हुने प्रतिभा मात्र विभूषित भएनन्, भाषा र

साहित्यका क्षेत्रमा समर्पित अरू एघार साधक र संस्था पनि त्यसै स्वर्णमुद्राबाट सम्मानित भएका थिए । यस घटनाबाट हजारौं वर्ष पहिलेको प्रसङ्ग सम्झना हुन्छ । त्यो प्रसङ्ग हो राजा जनकले याज्ञवल्क्यको प्रखर प्रतिभालाई स्वर्ण शृङ्गसहितका हजार गाईद्वारा गरेको सम्मान । त्यसो त पुरस्कार हर क्षेत्रमा प्रदान गरिन्छ र व्यक्तिका असाधारण कार्यहरूलाई सम्मानित पनि गरिन्छ तर कला, साहित्य र प्रज्ञाका क्षेत्रमा भए गरेका सम्मान र पुरस्कारको स्थान अरूको भन्दा विशिष्ट हुन्छ । त्यस्ता सम्मानको प्रभाव आफ्नो वर्ग, जात र देशमा मात्र सीमित रहँदैन, राष्ट्रको सीमा नाघेर सार्वभौम बनेको हुन्छ । याज्ञवल्क्यले पाएको सम्मान त्यस्तै सार्वभौम सम्मान हो । 'बृहदारण्यकोपनिषद्'को तेस्रो अध्यायमा राजा जनकले 'ब्रह्मविद' भनेको के हो ? त्यसको गाँठो फुकाउन सक्ने प्रतिभालाई दसदस तोला सुनबाट दुवै सिङ सिंगारिएका एक हजार गाई पुरस्कारका रूपमा दिइने छ भन्ने घोषणा गर्दै एउटा ब्रह्मसभाको आयोजना गरेको प्रसङ्ग छ । त्यस ब्रह्मसभामा ऋषि याज्ञवल्क्यले गार्गी लगायतका अनेकौं ब्रह्मवेत्ता विद्वान् र विदुषीहरूलाई परास्त गर्दै आफ्नो असाधारण प्रतिभाद्वारा बीसबीस तोला स्वर्णशृङ्ग सहितका एक हजार गाई प्राप्त गरेका थिए । सम्भवत: प्राज्ञिक प्रतिभालाई पुरस्कृत गरिएको यो पहिलो घटना हो जसको उपनिषद् जस्तो अमर कृतिमा अभिलेख हुन गएको छ । त्यस्तै वाल्मीकि जसले जीवनको समग्रतालाई र भारतवर्षीय सभ्यतालाई रामायणका रूपमा प्रस्तुत गरेर विश्वलाई नै एउटा महाकाव्यको उपहार प्रदान गरेका छन्, तिनलाई त्यस युगले 'आदिकवि'को सम्मान प्रदान गरेको छ जो वाल्मीकिको नामबाट कहिल्यै अलग गर्न सकिंदैन । वाल्मीकिको असाधारण प्रतिभा र कल्पनाबाट प्रभावित कृष्ण द्वैपायन व्यासले पनि विस्मयकारी विश्वरचना गर्ने सृष्टिकर्ता परमेश्वरको कल्पनामा र कविको कल्पनामा ठूलो साम्यभाव पाउँछन् र श्रीमद्भागवतको पहिलो मङ्गलाचरणमै त्यस्ता सृजनकर्ता परमेश्वरलाई 'आदिकवि' का रूपमा सम्बोधन गर्दछन् । कम वौशिष्ट्य छिपेको छैन त्यो 'आदिकवि' को उपाधिभित्र । यसरी वैदिक र पौराणिक युगदेखि नै कवि, कलाकार र विद्वान्हरूलाई सम्मान र पुरस्कृत गर्ने परम्परालाई संस्कृत वाङ्मयले ठूलो प्राथमिकता दिंदै

त्यसको अभिलेख राख्दै आएको छ र भनेको छ– 'स्वदेशे पूज्यते राजा विद्वान् सर्वत्र पूज्यते ।'

विक्रमको पहिलो शताब्दीदेखि नै कविलेखकका प्रतिभालाई राज्यले नै आश्रय दिने गरेको र उनीहरूको सम्मान युगान्तकारी बनाउनका लागि साहित्यिक उपाधि समेत दिने गरेको देखिन्छ । त्यस परम्परामा कालिदास सबभन्दा अगाडि रहेका छन् । महाकवि कालिदास विक्रमादित्यका राजकवि नै थिए । उनी 'कविकुलगुरु' को उपाधिद्वारा सम्मानित देखिन्छन् । भाव र कलापक्षको अपूर्व मिलन यिनका कवितामा भएको छ । आधुनिक युगले पनि कालिदासलाई आफ्ना सौन्दर्य विम्बद्वारा धरती र स्वर्गलाई एकीकृत गर्ने कविका रूपमा मान्दै आएको छ। हुन पनि उनका कृतिमा अणुअणुको परिष्कार र मानवीय मर्मलाई तुरुन्तै स्पर्श गर्ने सामर्थ्य रहेको छ ।

कवि लेखकहरूलाई स्वर्णमुद्राद्वारा पुरस्कृत गर्ने परम्परामा धारानगरीका राजा भोज पनि अगाडि नै देखिन्छन् । उनलाई नयाँ विक्रमादित्यका रूपमा पनि लिने गरिन्छ । बल्लाल कविले रचना गरेको 'भोजप्रबन्ध' मा राजा भोजलाई कवि र काव्य प्रेमीका रूपमा प्रस्तुत गर्दै उनले उत्कृष्ट कविता सुनाउने कविहरूलाई मुद्रा र स्वर्ण मुद्राद्वारा सम्मानित गरेको विवरण त्यहाँ दिइएको छ । यद्यपि उक्त प्रबन्धलाई केही किम्बदन्ति र केही काल्पनिक रचनाको सङ्कलनका रूपमा पनि लिइन्छ तापनि राजा भोज एक सुरुचि सम्पन्न कवि र प्रौढ विचार भएका आलङ्कारिक (अलङ्कारविद्) हुन् भन्ने कुरा उनका दर्जनौं कृतिहरूले पुष्टि गर्दछन् । पूरै काल्पनिक र किम्बदन्तिहरूको सँगालो भन्नुभन्दा पनि अतिरञ्जित प्रबन्ध भन्नु बढी उपयुक्त होला । संस्कृत काव्य परम्पराका प्रतिभाहरूलाई मुगल सम्राट्हरूले पनि उत्तिकै सम्मान गरेका प्रसङ्ग भेटिन्छन् । 'रसगङ्गाधर' जस्तो प्रौढ काव्यशास्त्र र 'भामिनी विलास' आदि थुप्रै काव्यकविताका प्रणेता जगन्नाथ जस्ता उद्भट कविलाई सत्रौं शताब्दीका मुगल सम्राट् शाहजहाँले 'पण्डित राज'को उपाधिद्वारा सम्मानित गरेका हुन् ।

नेपालकै सन्दर्भमा पनि आठौं शताब्दीका लिच्छवि राजा द्वितीय जयदेवलाई 'सत्कवि' को स्थान दिइएको छ । सम्भवतः यो उनलाई

दिएको उपाधि पनि हुन सक्छ। द्वितीय जयदेव र बुद्धकीर्तिद्वारा रचना गरिएको पशुपतिनाथको दक्षिणद्वारको पर्खालमा कपिएको अभिलेखमा द्वितीय जयदेवलाई 'सत्कवि' भनिएको छ। यो सम्मान, उपाधि वा विशेषण के हो अनुसन्धानको विषय बनेको छ। पृथ्वीनारायण शाहका समकालिक लक्ष्मण कविले रचना गरेको 'कविता निकषोपल' यस शृङ्खलाको अर्को कडी हो। यस काव्यले कविताको कसी के हो र त्यसको सम्मान कसरी गर्नुपर्दछ त्यसको एउटा सजीव चित्र प्रस्तुत गरेको छ। काठमाडौं उपत्यकालाई नेपालमा एकीकरण गर्ने प्रसङ्गमा युद्धबाट थकित पृथ्वीनारायण शाहको मनोबल उठाउनका लागि युवराज प्रतापसिंहको उपस्थितिमा बालाजुको प्राकृतिक परिवेशमा एउटा कविगोष्ठीको आयोजना गरिन्छ र त्यहाँ देशदेशावरका झन्डै छयासी जना कविहरूले आआफ्ना रचनाहरू सुनाउँछन् र वीर योद्धाहरूको जोश र जाँगर बढाउने स्वर घन्काउँछन्। यद्यपि कविताका धेरै भावहरू युवराजलाई लक्षित गरेर लेखिएका छन् र कतिपय भाव युवा युवाराजका शृङ्गारी चेष्टालाई भड्काउने खालका पनि पाइन्छन्। त्यो गोष्ठी केवल रचना पाठ गरेर मनोरञ्जन दिलाउने र मनोबल उठाउने कवि सम्मेलनका रूपमा मात्र सीमित रहेको छैन, कविता सुन्दा राम्रो लागे पनि भाव, भाषा, शिल्प, व्याकरण, औचित्य र साङ्गीतिक दृष्टिले ती कवितामा के कस्ता त्रुटि र विशेषता समेटिन आएका छन्, तिनका बारेमा पनि कवि र निर्णायकका आसनमा बसेका समीक्षकका बीच दोहरो अन्तर्क्रिया भई कविलाई आफ्ना रचनाको गुणस्तरको बोध गराउनमा समेत सो गोष्ठी सक्रिय रहेको पाइन्छ। गुणस्तरकै आधारमा उत्कृष्ट कवितालाई दसदस हजार र वाचन गरिएका सबै कवितालाई एकएक हजारको पुरस्कार पृथ्वीनारायण शाहद्वारा प्रदान गरिएको चर्चा सो 'कविता निकषोपल' भन्ने काव्यमा गरिएको छ। यद्यपि यो काव्य बल्लाल कविको 'भोजप्रबन्ध' काव्यको सिको गरेर लेखेको देखिन्छ तापनि कविताको मूल्याङ्कन गर्ने अन्तर्क्रिया पद्धति यस निकषोपल काव्यका विशिष्ट उपलब्धि देखिन्छन्। काव्य कल्पित भए पनि पृथ्वीनारायण शाह भाषा र काव्यका प्रेमी हुनाले उनको उपस्थितिमा काव्य गोष्ठीको आयोजन गरिनुलाई भाषासाहित्य

प्रतिको पृथ्वीनारायण शाहको प्रतीकात्मक निष्ठाको विम्बका रूपमा लिन सकिन्छ ।

संस्कृत वाङ्मयमा यस्ता धेरै प्रसङ्गहरू छन् जसको व्यापक खोज र अनुसन्धान हुन बाँकी नै छ । मोटामोटी रूपमा गरिएको सिंहावलोकनका आधारमा दुईओटा निष्कर्ष निकाल्न सकिन्छ । एउटा हो स्वर्णमुद्रा वा नगद-राशिद्वारा प्राज्ञिक प्रतिभाको सम्मान गर्नु र दोस्रो कुनै उपाधि प्रदान गरेर कविकलाकारहरूको कीर्ति फैलाउनु । संस्कृत वाङ्मयमा साहित्यकारहरूलाई सम्मान वा पुरस्कृत गर्ने यिनै दुई पद्धति देखा पर्दछन् ।

नेपाली साहित्यमा उपाधिद्वारा सम्मान गर्ने परम्परा मोतीराम भट्टले चलाएको देखिन्छ– जसअनुसार भानुभक्त 'आदिकवि'द्वारा सम्मानित हुन पुगे । जुन परम्परालाई पछि राज्यले अनुमोदन गऱ्यो र लेखनाथ पौड्याललाई 'कविशिरोमणि' को उपाधिबाट, सोमनाथ सिग्द्याललाई 'पण्डितराज' को पदवीबाट, बाबुराम आचार्यलाई 'इतिहास शिरोमणि'को पदवीबाट र माधव घिमिरेलाई 'राष्ट्रकवि' को उपाधिबाट राज्यले सम्मान गऱ्यो । संस्थागत रूपमा नगद पुरस्कारको परम्परा मदन पुरस्कार गुठीबाटै थालिएको पाइन्छ । पटकेका रूपमा कसैले शुरू गरेको भए पनि त्यसको निरन्तरता र आधिकारिकता भेटिन्न । राजकीय प्रज्ञाप्रतिष्ठानद्वारा प्रदान गरिने प्रज्ञा पुरस्कारहरू पनि मदन पुरस्कारको स्थापनापछि मात्र स्थापित भएका हुन्। तक्मा र विभूषणलाई छाडेर केवल भाषा साहित्यकै निम्ति संस्थागत रूपबाट प्रदान गरिएको 'स्वर्णमुद्रा' को पुरस्कार भने सम्भवत: यस वर्ष समर्पण गरिएका 'जगदम्बा-श्री' र 'मदन पुरस्कार' नै हुन् ।

# परम्परागत भौतिक लोककला एवं शिल्प

– डा. छविलाल गजुरेल

*[डा. छविलाल गजुरेल मदन पुरस्कारद्वारा सम्मानित भैसकेका विद्वान् हुन्। २०३६ सालको मदन पुरस्कार "नेपालका परम्परागत प्रविधि" भन्ने ग्रन्थका लागि संयुक्त रूपमा डा. छविलाल गजुरेल र करुणाकर वैद्यलाई प्रदान गरिएको थियो। उनै विद्वान् डाक्टरसाहेबको यो लेख हामीलाई प्राप्त भएको थियो केही वर्षअघि नै। देशका परम्परागत स्थानीय श्रम र सीपलाई कदर गर्नुपर्ने आवश्यकता र औचित्य औंल्याई लेखिएको यो लेख हाम्रो गुठी जस्तो संस्थाभन्दा पनि यस क्षेत्रमा काम गर्ने सरकारी निकाय वा गैरसरकारी संस्थाहरूलाई बढी चाख लाग्ने र काम लाग्ने छ। 'नेपाली' को फाइलमा धेरै वर्ष अलमलिई यो लेख छापिन अबेर भयो। यसै बीच यो अन्यत्रै कतै छापिएको भए क्षमा माग्दै हामीले ऐले प्रकाशित गरेका छौं। अचेल डा. गजुरेल यस्तो प्राविधिक र भौतिक कुरामा भन्दा आध्यात्मिक विषयमा बढी कलम चलाउने हुँदा यस्ता लेख उनीबाट अरू निक्लने सम्भावना कम लाग्छ। यस कारण पनि यो ऐले गरिहाल्न लागेका हौं। हालै उनले आफ्नो संयोजनमा प्रणामी धर्मका एक दर्जनभन्दा धेरै ग्रन्थहरू अनूदित र प्रकाशित गर्ने गराउने स्तुत्य कार्य पनि सम्पन्न गरेका छन्। – सम्पादक]*

परम्परागत भौतिक लोककला एवं शिल्प नेपाल र नेपालीका पहिचान हुन्। वि.सं. २००७ सालमा प्रजातन्त्रको अभ्युदय हुनुभन्दा अगाडिसम्म नेपालको जनजीवन यिनैमा आश्रित थियो। बाह्य संसारको भौतिक विकासको यिनमा छायातक परेको थिएन। मेशीन युगको भनौं वा औद्योगिक क्रान्तिको भनौं किञ्चित् मात्राको प्रभाव पनि हाम्रो लोककला र संस्कृतिमा पर्न सकेन। नेपालीहरूलाई स्वतन्त्र रूपमा स्वावलम्बी भई बाँच्नमा परम्परागत लोककलाले धेरै शताब्दीसम्म मद्दत गर्दै आयो। हाम्रो सामाजिक तथा आर्थिक अवस्थासँग मेल खाने, प्राकृतिक वातावरणलाई नखलबलाउने, राष्ट्रिय सम्पदाको अधिकतम

परिचालन गर्ने, उपलब्ध जनशक्तिको सदुपयोग हुने, आवश्यकता र परिपूर्तिमा समन्वय राख्ने नेपालको भौतिक लोककला नेपाली जनजीवनको एउटा अभिन्न अङ्ग हो, नेपाल र नेपालीको गौरवको प्रतीक हो ।

विशाल पर्वत शृङ्खलाले परिवेष्टित नेपाल धेरै शताब्दीसम्म संसारमा अछुतो भएर रह्यो । बाह्य संसारमा घटेका सामाजिक, राजनैतिक उथलपुथलको यसमा कुनै प्रभाव परेन। यस्तो परिवेशमा नेपालीहरूले आफ्नै माटोमा रहेर आफ्नै कच्चापदार्थको प्रयोग गरेर आफ्नै वातावरण सुहाउँदो र आफ्नो आवश्यकतानुसारको लोककलाको विकास गरे । दक्षिणको तराई होस् वा मध्य पहाडी भूभाग होस् अथवा हिम प्रदेश होस् यी सबै क्षेत्रमा नेपालीहरूले आफ्नै प्रकारको शिल्पकलाको विकास गरे, फलस्वरूप तराई क्षेत्रमा बयल गाडा, मध्य पहाडमा पानी घट्ट, धातु, पाषाण र माटोका शिल्पकला र हिमाली क्षेत्रमा राडी, पाखी बुन्ने तान आदिको विकास हुन गयो । यी संयन्त्रहरूको प्रयोग नेपालमा थोर बहुत रूपमा अद्यापि हुँदै आएको छ।

वि.सं. २००७ सम्म यहीं नेपालमा विस्तार विस्तार बाह्य प्रविधिको प्रभाव पर्न थाल्यो। युगौंदेखि चलेका र पुस्तैनी रूपमा सीप हस्तान्तरण हुँदै आएका प्राविधिक उपजको विकासमा आयातीत प्रविधिले अवरोध सिर्जना गर्न थाल्यो। यी अवरोध हँदाहुँदै पनि हाम्रा स्वदेशी हस्तकला वा लोककला जीवन्त नै रहे । कतिपय लोककला आज पनि यथावत् रूपमा सञ्चालित छन्। फलस्वरूप नेपाल परम्परागत कलाकृति, शिल्प विज्ञान र हस्तकलाको क्षेत्रमा धेरै धनी छ। हाम्रा पिता पुर्खामा आधुनिक विज्ञान र प्रविधिको ज्ञान न्यून मात्रामा भए पनि उनीहरूले विकास गरेका जीवनोपयोगी आधारभूत सामग्री हामीकहाँ पर्याप्त मात्रामा रहेका छन्।

नेपाली शिल्पकार तथा कलाकारले धातुको मूर्ति, सुन, चाँदीका गरगहना, धातुका घरेलु सामान आदिमा परापूर्वकालमा नै विशिष्टता हासिल गरे। सुनको जलप लगाउने, सुन र चाँदीका मसीले बुद्ध धर्मका ग्रन्थहरू लेख्ने आदि कार्यमा पनि हाम्रा पूर्वजले दक्षता प्राप्त गरे। नेपाली शिल्पकारले बनाएका मिश्र धातुका देवीदेवताका मूर्ति

संसार प्रशिद्ध छन्। धातुकर्ममा नेपाली कारिगरले यति उच्चकोटीको विशिष्टता हासिल गरेकाले उनीहरूलाई विदेशबाट समेत प्रविधि हस्तान्तरणको लागि आमन्त्रित गरिन्थ्यो। अरनिकोले चीनमा गएर आफ्नो शिल्पकला देखाएको कुरामा इतिहास साक्षी छ। नेपालको इतिहासको मल्लकाल स्वर्णीम कालखण्ड थियो। नेपाली शिल्पकारले आफ्नो कलाको क्षेत्रमा उत्कृष्टता हासिल गरेको यही समय थियो। पगोडा शैलीका मन्दिरको निर्माण, सामान्य ज्याबलको प्रयोग गरेर बनाइएका सन्तुलित भवनहरू, युगौंयुग टिक्ने इँट तथा टायलको निर्माण आदिले उनीहरूको प्राविधिक सुझबुझ उच्चस्तरको रहेको कुरामा प्रकाश पार्दछन्।

काष्ठकलामा नेपालीले अतुलनीय योगदान गरेका छन्। काठका आँखीझ्याल, सन्झ्याल, खट र रथ बनाउनेदेखि लिएर ढोकाका खापामा देवीदेवताका मूर्ति कुँद्ने काममा हाम्रा कारिगरले अद्भुत क्षमता दर्साएका छन्। विभिन्न जातका काठमा बुट्टा कुँदेर प्राकृतिक दृश्य देखाउन उनीहरू उत्तिकै खप्पिस छन्। यस्ता विभिन्न प्रकारका बुट्टा कुँद्ने ज्याबल अत्यन्त साधारण छन् र ती युगौंदेखि प्रचलनमा आएका छन्। नेपाली शिल्पकारले काठबाहेक बाँसका चोयाबाट अनेकौं घरायसी सामग्रीको उत्पादन गर्दै आएका छन्। बाँसबाट बनाइने प्याङ, नाङ्लो, डाली, डोको, थुन्से, भकारी जस्ता जीवनोपयोगी सामग्री यसका उदाहरण हुन्।

माटो तथा ढुङ्गाको प्रयोगमा पनि नेपाली शिल्पकारले विशिष्टता हासिल गरेका छन्। घरव्यवहारमा प्रयोग हुने अटल, फोसी, गाग्रो, हाँडी, भिउँट, घ्याम्पो, पाला, गमलाको उत्पादनमा ठिमी तथा भक्तपुरका नेवार समुदायको ठूलो योगदान रहेको छ।

माटाका भाँडा बनाउने, तिनलाई पोलेर पाको बनाउने काममा सामान्यभन्दा सामान्य सामग्री र संयन्त्रको प्रयोग भएको पाइन्छ। त्यस्तै साधारण छिना र घनको सहायताले ढुङ्गाबाट जीवन्त कलाकृतिलाई जन्म दिन पनि नेपाली शिल्पकारले अद्भुत क्षमता देखाएका छन्। यस्ता कलाकृतिलाई नेपाली देवालय, घर मन्दिर र तिनका प्राङ्गण तथा सहरी क्षेत्रका चोक तथा चौबाटोमा देख्न सकिन्छ। धार्मिक

भावनाले ओतप्रोत भएर बनाइएका ती कलाकृति नेपालमा यत्रतत्र देख्न पाइन्छ। ती मूर्तिकारमा धार्मिक भावना यति प्रबल हुन्थ्यो कि तिनले कहिल्यै पनि नाम र दामको निम्ति आफ्नो शिल्पकलाको प्रदर्शन गरेनन्। ढुङ्गाको प्रयोग धार्मिक कलाकृतिको निर्माणमा मात्र प्रयोग गरिएन, घरव्यवहारमा काम लाग्ने आधारभूत आवश्यकता परिपूर्ति गर्ने संयन्त्र बनाउन पनि शिल्पकारहरू लागेका देखिन्छन्। साधारण जाँतो, पानीघट्टका चक्का, सिलौटा, लोहोरो जस्ता चीज यस्ता उदाहरण हुन् जसले शिल्पकारको व्यावहारिक कार्य कुशलताको परिचय दिन्छ।

यसरी उपलब्ध प्राकृतिक सम्पदाको प्रयोग गरेर जीवनका आधारभूत आवश्यकता पूरा गर्न हाम्रा पूर्वजले अनुकरणीय कार्य गरेका छन्। शताब्दीयौं पुराना, समयको प्रवाह सँगै खारिएका पुस्तौंपुस्ता सीपको हस्तान्तरण हुँदै आएका नेपाली शिल्पकला नेपालमा येनकेन बाँचिरहेका छन्। यिनको संरक्षणमा हाम्रो जति ध्यान जानुपर्थ्यो त्यति जान सकेको छैन। विदेशी आकर्षक वस्तुको आयातबाट शिल्पकलाको विकासमा ठूलो धक्का लागेको छ। यसबाट कतिपय स्वदेशी उपज लोप हुने अवस्थामा पुगेका छन्। नेपालको मृत्तिका उद्योग रुग्ण अवस्थामा छ। सुन र चाँदीका मसी बनाउने र धार्मिक ग्रन्थ लेख्ने, कागजमा हरिताल लगाउने आदि सीपमूलक कार्य ठप्प जस्तै भएका छन्। शहरी क्षेत्रबाट ढिकी, जाँतो र पानी घट्ट बिलाएका छन्। दिनपरदिन आयातीत सामग्रीले हाम्रा परम्परागत सामग्रीलाई सहरी तथा ग्रामीण क्षेत्रबाट विस्थापित गर्दै छन्। आयातीत र भारी मेशिनरीबाट उत्पादित सामग्रीको चहकमहकले हामीलाई यसरी आकर्षित गरेको छ कि हामी हाम्रा पुर्खाले आजतक जीवित राखेका सीप र प्रविधिलाई संरक्षणतक गर्न नसक्ने अवस्थामा पुगेका छौं। हामी मानसिक रूपमै अत्यन्त कमजोर भएर एकोहोरिरहेका छौं।

आधुनिकताले हामीलाई यसरी गाँजिरहेको छ कि हामी परम्परागत भन्ने शब्दबाटै टाढा भाग्न थालेका छौं। हामीले बुझ्नुपर्ने कुरा के छ भने सबै परम्परागत सीप र प्रविधि अनुपयुक्त हुँदैनन्, साथै सबै आधुनिक सीप र प्रविधि पनि उपयुक्त हुँदैनन्। उपयुक्त र

अनुपयुक्तको द्वन्द्वबाट माथि आउन हामीले परम्परागत र आधुनिकताको समिश्रण खोज्नुपर्दछ। दुवैको आ-आफ्नै विशिष्ट स्थानहरू छन्। दुवैलाई मिश्रित रूपमा प्रयोग गरेर नै राष्ट्रमा सामाजिक तथा आर्थिक उन्नति गर्न सकिन्छ। तसर्थ सर्वप्रथम हामी हाम्रा केही तथ्यगत विषय वस्तु र अवस्थाप्रति ध्यान केन्द्रित गर्दछौं।

क. राष्ट्रमा गरिबी व्याप्त छ। राष्ट्रका ४० प्रतिशत जनता गरिबीको रेखामुनि छन्।

ख. राष्ट्रमा यथेष्ट श्रमशक्ति छ तर त्यो पूर्ण रूपमा उपयोगमा आएको छैन।

ग. देशमा प्रचुर मात्रामा प्राकृतिक सम्पदा छ तर त्यो पूर्ण रूपमा प्रयोगमा आउन सकेको छैन। उल्टो केही रूपमा त्यसको विनाश हुन थालेको छ।

घ. भारी उद्योग र अत्याधुनिक प्रविधि नेपालको स्थानीय विकासको निमित्त अनुपयुक्त हुन सक्छन्।

ङ. हामीकहाँ विद्यमान् परम्परागत सीप र प्रविधि समयको मार्गअनुसार परिमार्जित हुन सकेका छैनन्।

यी अवस्था र कारणले गर्दा हामीले हाम्रो परम्परागत भौतिक लोककला सम्बन्धी राष्ट्रिय विकासको नीतिमा गम्भीर भएर सोच्नुपर्ने बेला आएको छ। परम्परागत भौतिक लोककला सम्बन्धी केही तथ्यगत विशेषता यसप्रकारका छन्।

### १. श्रमप्रधान शिल्पकला

परम्परागत शिल्पकला स्वयंमा श्रमप्रधान छ। यसको विकासको लागि थोरै पूँजीको मात्र आवश्यकता पर्दछ। हाम्रो देशमा श्रमजीवी शिल्पकार एवं कलाकार छरिएर रहेका छन्। तिनीहरू हातमा सीप भए पनि आवश्यक सुविधाको अभावमा र कामको प्रकृति अल्पकालीन वा ऋतुकालीन हुनाले त्यसै बेकार बस्नु परेको छ। यस्तो श्रमजीवी शक्तिको अधिकतम परिचालन गरी उत्पादन बढाउनु आवश्यक भएको छ।

## २. कच्चा पदार्थको पर्याप्तता

हाम्रो शिल्पकार वा कलाकारलाई आवश्यक पर्ने कच्चा पदार्थ धेरै मात्रामा स्वदेशमै उपलब्ध छ । उदाहरणार्थ तिनलाई आवश्यक पर्ने धातु, काठ, ढुङ्गा, खनिज पदार्थ, वनस्पति, कृषिजन्य उपज र जनावरबाट प्राप्त हुने कच्चा पदार्थ न्यूनतम मूल्यमा उपलब्ध छन् । यिनमा कतिपय यस्ता प्राकृतिक स्रोतको उपयोग नै हुन सकेको छैन । यी कच्चा पदार्थ नेपालभर छरिएर रहेका छन् र विशाल पर्वत तथा भीरपाखाले तिनलाई अलगअलग पारेको छ । यस्ता छरिएका प्राकृतिक कच्चा पदार्थलाई स्थानीय विकासमा प्रयोग गर्न सकिन्छ ।

## ३. सीपको उपलब्धता

राष्ट्रमा उपलब्ध प्राकृतिक स्रोतको परिचालन गर्न सीप र जाँगर भएका व्यक्ति हामीकहाँ प्रशस्त पाइन्छन् । कुनैकुनै सीपमूलक कार्यमा उच्चस्तरको दक्षता आवश्यक हुन्छ र यस्तो दक्षता पुरानो पुस्ताबाट नयाँ पुस्तामा सर्दै आएको छ । फेरि यस्ता सीपमूलक कार्य पनि छन् जसमा सीप हस्तान्तरण गर्न दीर्घकालको तालिमको आवश्यकता पर्दैन । थोरै समयमै सीप र प्रविधि हस्तान्तरण गर्न सकिन्छ । शिल्प विज्ञानका कुनैकुनै क्षेत्रमा सीप र प्रविधि सम्बन्धी रहस्य परिवारभित्र मात्र सीमित गर्ने परम्परा रहेको छ ।

## ४. उत्पादनको मात्रा

परम्परागत भौतिक लोककलाको उत्पादनको मात्रा सानो खालको हुन्छ । थोरै जनशक्ति वा एउटा सिङ्गो परिवारले मात्र पनि उत्पादनमा भाग लिन सक्छन् । प्रशस्त मात्रामा कच्चापदार्थ उपलब्ध हुने स्थानमा गाउँ वा त्यस भेगका अधिकतम मात्राका श्रमिकलाई पनि परिचालन गर्न सकिन्छ । पश्चिम नेपालको बाग्लुङ एवं पर्वत जिल्लामा उत्पादन हुने नेपाली हाते कागज यसको उदाहरण हो । अधिकांश नेपाली कृषिमा आधारित हुनाले कृषि कार्यबाट फुर्सत मिलेको अवस्थामा सञ्चालन गर्न सकिने परम्परागत लोककलाको विकासले ग्रामीण विकासमा ठूलो मद्दत पुऱ्याउन सक्दछ ।

## ५. प्राकृतिक सन्तुलन

परम्परागत भौतिक लोककलाको विकासले प्राकृतिक वातावरणसँग तादात्म्य कायम राख्दछ। यसबाट प्राकृतिक सन्तुलनमा कुनै गडबडी उत्पन्न हुँदैन। यिनको सञ्चालन हुँदा विरलै मात्र जल, स्थल र वायुमण्डलमा प्रदूषण फैलिन्छ। साथै यस्तो क्रियाकलापमा न त प्राकृतिक सम्पदाको विनाश हुन्छ न त यस्तो सम्पदा घट्दछ।

## ६. परम्परागत भौतिक लोककलामा निहित उपयुक्त प्रविधि

शिल्पकलाको विकासले राष्ट्रलाई स्वावलम्बी बनाउँछ । परम्परागत भौतिक लोककला हाम्रो जस्तो विकासोन्मुख राष्ट्रको लागि उपयुक्त प्रविधि विकासको माध्यम हुन सक्छ। सानो रूपमै उत्पादन हुने, श्रमप्रधान उपलब्ध स्थानीय कच्चापदार्थको प्रयोग हुने, राष्ट्रमै उपलब्ध सीप लगाउन सकिने प्रविधिलाई उपयुक्त प्रविधि भनिन्छ। यस्तो प्रविधिको विकास नै स्थानीय विकासको आधार स्तम्भ बन्न सक्दछ ।

## ७. परम्परागत भौतिक लोककलाको सांस्कृतिक एवं सामाजिक पक्ष

हाम्रा परम्परागत भौतिक लोककलाको हाम्रो संस्कृति र समाजसँग घनिष्ट सम्बन्ध रहेको छ। लोककलाको माध्यमबाट उपलब्ध सामग्री हाम्रा जात्रा, पर्व, उत्सव, विवाह, व्रतबन्ध धार्मिक अनुष्ठान आदि अनेकौं अवसरमा प्रयोग हुन्छन्। यी सामग्री हाम्रा धरोहरका रूपमा रहेका छन्। नेपालमा प्रजातन्त्र वा लोकतन्त्र कि वा गणतन्त्रको स्थापना पश्चात् समाजमा मानसिक रूपमै ठूलो परिवर्तन आएको छ। परापूर्व कालमा कुनै वर्ग विशेष वा जाति विशेषले अपनाएको प्रविधि वा भौतिक लोककलालाई आज आएर अन्य वर्ग विशेष वा जातिले पनि अपनाउन थालेको छ। यो एकप्रकारको सामाजिक क्रान्ति हो, समावेशीकरण हो। हाम्रो परम्परागत भौतिक लोककलालाई यसको उदाहरणको रूपमा लिन सकिन्छ। जीवनका हर क्षेत्रका व्यक्तिले विभिन्न प्रकारका प्रविधि वा भौतिक लोककलालाई आत्मसात् गर्नु स्वस्थ विकासको सूचक हो।

## ८. परम्परागत भौतिक लोककलाको आजको अवस्था

नेपालमा युगौंदेखि चलिआएको यस क्षेत्रको अवस्था अत्यन्त दयनीय हुँदै गएको छ। पैठारी गरिएका प्रविधि र प्राविधिक सामग्रीले यस क्षेत्रलाई चारैतिरबाट आक्रमण गरिरहेका छन्। विशेष रूपमा परम्परागत भौतिक लोककलालाई आधुनिक प्रविधिले तीन प्रकारले बाधा पुऱ्याएको छ–

१. भौतिक रूपमा

२. आर्थिक रूपमा

३. सांस्कृतिक रूपमा

**भौतिक रूपमा क्षति**

आधुनिक प्रविधि अन्तर्गत आउने भारी उद्योगको सञ्चालनमा प्रशस्त मात्रामा कच्चा पदार्थको आवश्यकता पर्दछ। उत्पादनको शुरूदेखि अन्त्यसम्ममा धेरै जसो मेसिनको प्रयोग हुने हुँदा थोरै मानिसबाट अर्थात् श्रमशक्तिबाट उद्योग सञ्चालन गरिएको हुन्छ। यसको असर भौतिक कलाको उत्पादनमा पर्न आएको छ। एक त आधुनिक प्रविधिले चाँडै नै कच्चा पदार्थ खपत गर्दछ र दोस्रो भारी मेशीनरीले उपलब्ध श्रमशक्तिको अधिकतम प्रयोग गर्न सक्दैन। हातमा सीप भएका व्यक्तिले काम पाउँदैनन्। अर्को महत्त्वपूर्ण कुरा भारी उद्योगको सञ्चालनबाट जल, स्थल र वायु प्रायश: प्रदूषित हुन्छन्।

**आर्थिक रूपको क्षति**

आयात गरिएका आधुनिक प्रविधिका उपजले बजारमा तीव्र प्रतिस्पर्धा गराएका छन्। आधुनिक सामान सस्तो मात्र होइन यिनको चहकमहक आकर्षण पैदा गर्ने खालको हुन्छ। कुनै समयमा स्वदेशी परम्परागत भौतिक कलाका वस्तुले ढाकेको बजार आजकाल यिनै विदेशी आधुनिक सामग्रीले लिन थालेका छन्। यसबाट स्वदेशमा उत्पादन हुने वस्तु क्रमिक रूपमा बजारबाट विस्थापित हुँदै छन्। यसको असर हाम्रा शिल्पकार र कलाकारको जीवनमा पर्न आएको छ। स्टेनलेस स्टील, आल्मुनियम र प्लास्टिकका भाँडाकुँडाले हाम्रा

परम्परागत रूपमा उत्पादन भइरहेका धातु, काठ, माटो, बाँस आदिबाट बनेका सामग्रीलाई प्रतिस्थापन गरिदिएको छ । यसबाट परम्परागत भौतिक कलाकौशलले ठूलो आर्थिक क्षति बेहोर्नु परेको छ ।

**सांस्कृतिक रूपको क्षति**

रङ्गीचङ्गी आकर्षक र भड्किला सामग्रीले उपभोक्ताको रुचिमा पनि परिवर्तन ल्याइदिएको छ। बिस्तार बिस्तार उपभोक्ताहरू आधुनिक सामग्रीतर्फ आकर्षित हुँदै छन् । उपभोक्ताको जीवनशैली नै बदलिँदै छ । यसले गर्दा नयाँ पुस्ताको परम्परागत भौतिक लोककलाका सामग्रीतर्फ नकारात्मक शोच पैदा भएको छ। यो एउटा चिन्ताको विषय भएको छ ।

**वर्तमान अवस्था**

वर्तमान अवस्था अर्थात् एक्काइसौँ शताब्दीको प्रारम्भमा आइपुग्दा परम्परागत भौतिक लोककला अत्यन्त नाजुक अवस्थाबाट गुज्रिरहेको छ। बढ्दो जनसङ्ख्याको चाप, बढ्दो आधुनिक सामग्री र विलासिताका वस्तुको आयातले गर्दा यो क्षेत्रले ठूलो क्षति बेहोर्नु परेको छ। फलस्वरूप कतिपय भौतिक लोककलाका उत्पादन बिस्तार बिस्तार हराउँदै छन्। धातुबाट बनेका थाल, कचौरा, कसौंडी माटोबाट बनेका गाग्रो, अटल, घ्याम्पो, बाँसको चोयाबाट बनेका प्याङ, थुन्से, डालो डाली, ढकी क्रमशः लोप हुँदै छन् । खेतबारी जोत्ने हलो, सामान ओसार्ने बयलगाडा, तेल पेल्ने कोल, अन्न पिंद्ने पानीघट्ट कपडा बुन्ने तान, च्युरा कुट्ने उर्गल लुसी, परम्परागत गहना आदि पनि बिलाउँदै छन् । सुन र चाँदीका मसी बनाउने, कागजमा हरिताल लगाउने, निगालोका कलम बनाउने, आदि कार्य ठप्प जस्तै भएका छन्। कैयौं परम्परागत भौतिक लोककला ज्यूँ त्यूँ बाँचेका छन्। कैयौं मृतप्रायः अवस्थामा पुगेका छन् । यिनीहरूलाई पुनर्जीवन दिने काम कतैबाट भएको पाइँदैन । यिनलाई बदलिंदो समय र आवश्यकता अनुसार परिमार्जन गर्न सकिएको छैन। त्यसैले परम्परागत भौतिक लोककलाको अवस्था दिनपर दिन शोचनीय हुँदै गएको छ ।

**अपनाइनुपर्ने नीति**

वर्तमान परिप्रेक्ष्यमा परम्परागत भौतिक लोककलाको पुनरुत्थानको निमित्त अपनाइनुपर्ने नीति निम्न प्रकारको हुनु वाञ्छनीय देखिन्छ। यस्तो नीतिमा चारवटा पक्ष प्रमुख रूपमा सम्बोधन हुनु आवश्यक छ। यसमा पहिलो पक्ष हो सर्भेक्षणको दोस्रो पक्ष अनुसन्धान र विकासको तेस्रो पक्ष प्रचारप्रसारको र चौथो पक्ष संरक्षणको हो।

**क. नीतिगत सर्भेक्षणको पक्ष**

नेपाल परम्परागत भौतिक लोककलाको हालसम्मको सर्भेक्षण अध्ययनमा काठमाडौं, पश्चिम नेपाल र तराईका केही भागलाई समेटिएको छ। नेपालभरको बृहत् सर्भेक्षण अध्ययन हुनु बाँकी छ। तसर्थ सर्वप्रथम यस क्षेत्रको राष्ट्रव्यापी सर्भेक्षण हुनु जरुरी छ। नेपालका विभिन्न जातिले अपनाएका भौतिक लोककलाको पहिचान गर्नु पहिलो काम हुन आउँछ। यस सम्बन्धमा अध्ययनका विषय निम्न हुन सक्छन्–

१. नेपालका परम्परागत भौतिक लोककलाको राष्ट्रव्यापी सर्भेक्षण गरी तिनको रेकर्ड राख्नु।
२. भौतिक लोककलाको क्षेत्रमा योगदान पुऱ्याउने विभिन्न जातिको पहिचान गर्नु।
३. यस क्षेत्रको सामाजिक तथा भौतिक पक्षको अध्ययन गर्नु।
४. विभिन्न प्रकारका भौतिक लोककलाको लागि आवश्यक पर्ने कच्चा पदार्थको पहिचान र तिनको उपलब्धता बारेमा खोजबिन गर्नु।
५. यस क्षेत्रको सीप र ज्ञान तेस्रो विश्वका देशसँग आदानप्रदान गर्नु।
६. यस क्षेत्रलाई परिमार्जन गरेर स्थानीय विकासमा कसरी टेवा पुऱ्याउन सकिन्छ सो को सुझाव दिनु।
७. यस क्षेत्रमा "को के हुन्" को पहिचान गर्नु।
८. यस क्षेत्रलाई समय सापेक्ष गर्न गर्नुपर्ने अनुसन्धानका विषयको पहिचान गर्नु।

**ख. नीतिगत अनुसन्धान र विकासको पक्ष**

अनुसन्धान नै एक यस्तो माध्यम हो जसबाट युगौं पुराना शिल्पकलाले नयाँ रूप लिन सक्छन् । अनुसन्धानद्वारा यिनलाई बढी समाजोपयोगी बनाउन सकिन्छ । शिल्पकलालाई समाजको आवश्यकतानुसार सुधार गर्दै लगेमा राष्ट्रिय सम्पादाको अधिकतम परिचालन हुने मात्र होइन यसबाट क्षेत्रीय विकासमा समेत मद्दत पुग्नेछ। यस्तो सुधारको प्रक्रिया अपनाउँदा परम्परागत शिल्पकलाको स्वरूप र मान्यतामा अघात नपुग्ने हुनु आवश्यक हुन्छ। यसको ज्वलन्त प्रमाण जापानले पेस गरेको छ। जापानले परम्परागत मूल्य र मान्यतामा आघात नपुग्ने गरी आफ्नो शिल्पकलाको परिमार्जन गरेको छ। जापान नै एक यस्तो देश छ जसले परम्परागत शिल्पकला र आधुनिक प्रविधिलाई एक अर्काको परिपूरकको रूपमा अङ्गीकार गरेको छ । जापानको यो क्रियाकलाप अन्य विकासोन्मुख देशको लागि अनुकरणीय उदाहरण हुन सक्छ ।

**ग. नीतिगत प्रचारप्रसारको पक्ष**

परम्परागत भौतिक लोककलाको प्रचार एवं प्रसारण पक्ष ज्यादै कमजोर रहेको छ। यथार्थ कुरा त प्रचारप्रसार भएकै छैन भन्दा पनि हुन्छ। आजकल नेपालमा प्रचारप्रसार गर्ने माध्यमले सशक्त रूपमा सेवा दिन थालेका छन्। सर्वसाधारणदेखि लिएर नीति निर्माण र कार्यान्वयन तहमा रहेका नेपालीतकलाई यिनको मूल्य र मान्यताको बोध गराउनुपर्दछ। यसले कसरी पर्यावरणलाई स्वच्छ एवं स्वस्थ राख्न मद्दत पुऱ्याउँछ भन्ने जानकारी दिनु नितान्त आवश्यक छ। यसबाट भौतिक लोककलाको क्षेत्रमा समर्पित भई काम गर्ने व्यक्तिलाई उत्साहित पार्दछ भने अन्य सर्वसाधारणलाई राष्ट्रिय सम्पदाको महत्त्व बुझाउनुको साथै राष्ट्रको गरिमा स्वरूप रहेको विषय उपर गर्व गर्न प्रोत्साहित गराउँछ। प्रचारप्रसारका माध्यममा रेडियो, टेलिभिजन, रङ्गीन स्लाइड, क्यासेट टेप, डकुमेन्टरी फिल्म, समसामयिक प्रदर्शनी, सेमिनार, कार्यशाला, प्रवचन कार्यक्रम, पुस्तक, पुस्तिका, प्रतिवेदन, जर्नल मोडेल र चार्ट पत्रपत्रिका आदि पर्दछन्।

**घ. नीतिगत संरक्षणको पक्ष**

परम्परागत भौतिक लोककलालाई संरक्षण प्रदान गर्नु महत्त्वपूर्ण काम हो। संरक्षणको अभावमा आज कतिपय लोककला लोप भएर गएका छन्। कति लोप हुने अवस्थामा छन्। यिनको संरक्षणमा माथि उल्लेख गरिएका सर्भेक्षण अध्ययन, अनुसन्धान कार्य, प्रचारप्रसारको कार्यले पनि मद्दत पुऱ्याउन सक्छन् तापनि संरक्षणका सशक्त माध्यमको खाँचो अझै महसुस गरिएको छ। यस्तो सशक्त माध्यममा राष्ट्रिय र स्थानीय स्तरका संग्रहालय एवं राष्ट्रिय स्तरको परम्परागत भौतिक लोककलाको "सजीव लोककला प्रतिष्ठानको" स्थापना हुन सक्छन्। प्रस्तावित संग्रहालयमा लोककलाका उपजको संग्रह गरिन्छ भने "सजीव लोककलाका प्रतिष्ठानमा" भौतिक लोककला कलाकार वा शिल्पकारलाई उनीहरूका वेशभूषा सहित उपयुक्त वातावरणमा काममा व्यस्त भइरहेको दृश्य देखाउन सकिन्छ। प्रचारप्रसारका सबै माध्यमभन्दा यो सर्वोत्तम माध्यम हुन सक्छ भन्ने अनुमान गरिएको छ। सजीव (Live) लोककला प्रतिष्ठान प्रचारप्रसारको केन्द्रबिन्दु हुन सक्छ। प्रस्तावित प्रतिष्ठानमा भौतिक लोककलाका विविध अङ्गलाई समावेश गर्न सकिन्छ। यस्तो प्रतिष्ठान राष्ट्रिय गौरव स्तम्भको रूपमा रहनेछ र यसले परम्परागत सम्पदा र संस्कृतिको जगेर्ना गर्नेछ। नेपालमा भित्रिने मित्रराष्ट्रका पाहुनाले आधुनिक कलकारखाना हेर्न अवश्य पनि रुचाउँदैनन्। तिनीहरू भारी उद्योगले गर्ने प्रदूषणबाट वाक्क दिक्क भएका छन्। तिनले स्वच्छ वातावरणमा रहेको आफ्नै बलबुतामा अडेको प्राचीन गौरव स्वरूप रहेको जीवन्त लोककला प्रतिष्ठानको अवलोकन गर्न रुचाउनेछन्। यस्तो प्रतिष्ठानमा विभिन्न जनजाति समावेशी रूपमा आआफ्नो परिधानमा रहेर सीपको प्रदर्शन गर्नेछन्। आफ्नै देशका दाजुभाइ तथा दिदीबहिनी र विशेष गरी विद्यार्थी वर्गलाई आफ्नो राष्ट्रिय सम्पदा कलाकौशल र संस्कृतिसँग परिचित हुन प्रस्तावित प्रतिष्ठानले मद्दत पुऱ्याउने अपेक्षा गरिएको छ। यसबाट युवायुवती तथा विद्यार्थीवर्गलाई राष्ट्रिय विकासमा कसरी टेवा पुऱ्याउन सकिन्छ भनेर सोच्ने प्रेरणा मिल्नेछ। यस्तो प्रतिष्ठानबाट उत्पादित भौतिक लोककलाका सामग्रीको बिक्रीवितरणको

उचित प्रबन्ध मिलाइनेछ । यस्तो प्रतिष्ठानमा पर्यटन मन्त्रालयको सहयोगमा आगन्तुकको लागि निरीक्षण भ्रमणको व्यवस्था मिलाइनेछ । होटेल व्यवसायी र अन्य सम्बद्ध संस्थाले अतिथिको लागि आवश्यक सेवा पुऱ्याउनेछन् । प्रस्तावित प्रतिष्ठानको स्थापना भई सञ्चालन हुन सकेमा बेरोजगारीको समस्या घटाउन मद्दत मिल्नेछ । यसबाट निश्चय पनि उपलब्ध प्राकृतिक स्रोतको अधिकतम परिचालन हुनेछ र राष्ट्रको अर्थतन्त्रमा टेवा पुग्नेछ ।

**सीप हस्तान्तरण र प्रेरणा प्रदायक नीति**

परम्परागत भौतिक लोककलाका क्षेत्रमा सीप एवं प्रविधि एक पुस्ताबाट अर्को पुस्तामा सर्दै आएको छ । कुनैकुनै क्षेत्रको सीप र प्रविधि कुनै खास जातिमा मात्र सीमित रहेको छ । अनि कुनै सीप परिवारका सदस्यलाई मात्र हस्तान्तरण गरिन्छ । यस्तो हस्तान्तरण क्रियामा आजकल ह्रास आउन थालेको छ । नयाँ पुस्ताका युवायुवती परम्परागत सीपको ज्ञान हासिल गर्नबाट टाढा हुँदै गएका छन् । त्यस्तै हातमा सीप भएका पुरानो पुस्ताका दक्ष कलाकार पनि प्रेरणाको अभावमा सीप हस्तान्तरण गर्न त्यति उत्साहित देखिँदैनन् । त्यसैले सीप हस्तान्तरण प्रक्रियालाई बढावा दिन प्रेरणा प्रदायक नीति अवलम्बन गर्नु जरुरी छ । पुरानो पुस्ताका दक्ष कारीगरलाई आर्थिक सहयोग प्रदान गरेर नयाँ पुस्ताका युवायुवतीमा सीप हस्तान्तरण गर्ने गराउने वातावरण सिर्जना गर्नु अति आवश्यक छ । साथै पुरानो पुस्ताका कलाकारलाई राष्ट्रिय सम्मान प्रदान गर्ने, समय समयमा उनीहरूलाई अन्य देशका सम्बन्धित कलाकारसँग भेट गराई अन्तर्क्रिया गराउने आदि उत्प्रेरणाका कार्यक्रम लागू गर्नुपर्छ । दक्ष कलाकारलाई “जीवित राष्ट्रिय सम्पदा” भनेर सम्बोधन गर्ने उपाधि प्रदान गर्नु श्रेयस्कर हुन्छ । यसबाट उनीहरूमा नयाँ उत्साह र उमङ्गको पुन: जागरण हुन्छ । उत्साहित यस्ता कलाकार नव युवायुवतीमा आफूभित्र रहेको ज्ञान र सीप हस्तान्तरण गर्न अवश्य पनि लागी पर्नेछन् । यस क्षेत्रमा जापानले गरेको अभ्यास अत्यन्त सफल भएको छ ।

## पर्यटन उद्योगमा टेवा तथा रोजगारीका अवसर

हाम्रो प्राकृतिक सम्पदा राष्ट्रभर छरिएर रहेको छ । हाम्रा कलाकार पनि राष्ट्रभर नै छरिएर बसेका छन् । यस्तो स्थितिमा हाम्रो नीति स्थानीय विकासमा जोड दिने हुनुपर्दछ। राष्ट्रका विभिन्न स्थानमा परम्परागत भौतिक लोककलाका प्रशिक्षण केन्द्र खोल्ने र स्थानीय व्यक्तिलाई रोजगारी प्रदान गर्ने नीति हुनु वाञ्छनीय हुनेछ। यस्ता प्रशिक्षण केन्द्रमा समूहगत रूपमा सीपको हस्तान्तरणका क्रिया हुन्छन् र स्थानीय प्राकृतिक सम्पदाको परिचालन पनि हुन जान्छ। प्रशिक्षण केन्द्रबाट उत्पादित सामग्रीको बिक्री वितरणको व्यवस्था गर्दा स्थानीय आवश्यकताको पूर्ति हुने मात्र होइन यसले रोजगारमा समेत मद्दत पुऱ्याउँछ । विभिन्न क्षेत्रमा सञ्चालन हुने विभिन्न प्रकारका लोककलाका केन्द्र पर्यटकका निमित्त आकर्षणका स्थल हुन सक्छन्। देश दर्शन जस्तो कार्यक्रम सञ्चालन गरेर आगन्तुक पाहुना एवं स्वदेशभित्रकै नेपालीलाई यस्ता केन्द्रमा पुऱ्याएर आफ्नो देशको सीप, सम्पदा, राष्ट्रिय कलाकार आदिको परिचय दिन सकिन्छ। यसबाट राष्ट्रको श्रीवृद्धिमा समेत मद्दत पुग्नेछ ।

## नीति कार्यान्वयनमा संलग्न तह एवं निकायहरू

माथि उल्लेख गरिएका नीतिहरू लागू गर्न गणतन्त्रात्मक नेपालमा विभिन्न स्तरमा कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ। कतिपय कार्यक्रम राष्ट्रिय स्तरमा गर्नु वाञ्छनीय हुन्छ भने कतिपय संघीय राज्य स्तरमा वा जातिगत वा समुदाय समुदायमा सीमित गरेर सञ्चालन गर्नु आवश्यक हुन आउँछ। निम्न अनुसूचिमा यस सम्बन्धमा छोटो विवरण पेश गरिन्छ ।

| भौतिक लोककला | कार्यान्वयन गर्ने स्तर | निकाय |
|---|---|---|
| धातुका मूर्तिकला | संघीय राज्य स्तर | निजी क्षेत्र |
| धातु उत्खनन् तथा प्रशोधन | संघीय राज्य स्तर | सरकारी र निजी क्षेत्र |
| घर व्यवहारका धातुका भाँडाकुँडा | संघीय राज्य स्तर | निजी तथा औद्योगिक क्षेत्र |

| | | |
|---|---|---|
| माटोका उपकरण तथा भाँडा | संघीय राज्य स्तर | निजी क्षेत्र |
| कपडा बुनाइ, राडी, पाखी, गलैंचा | संघीय राज्य स्तर | घरेलु उद्योग |
| नेपाली हाते कागज | संघीय राज्य स्तर | निजी क्षेत्र |
| मदिराजन्य उत्पादन | संघीय राज्य स्तर | संघीय राज्य |
| काष्ठ कला | संघीय राज्य स्तर | निजी क्षेत्र, औद्योगिक क्षेत्र |
| बयल गाडा | संघीय राज्य स्तर | निजी क्षेत्र |
| पानी घट्ट र अन्य भौतिक उपकरण | संघीय राज्य स्तर | निजी क्षेत्र |
| चोयाका उत्पादन | संघीय राज्य स्तर | निजी क्षेत्र |
| प्रचार-प्रसार | संघीय राज्य स्तर | सरकारी तथा निजी क्षेत्र |
| सजीव लोककला प्रतिष्ठान | राष्ट्रिय स्तर | सरकारी क्षेत्र |
| संग्रहालय स्थापना | राष्ट्रिय तथा संघीय राज्य स्तर | सरकारी क्षेत्र |
| प्रेरणा प्रदायक कार्यक्रम | राष्ट्रिय तथा संघीय राज्य स्तर | सरकारी क्षेत्र |

**उपसंहार**

परम्परा भौतिक लोककलाको क्षेत्र जर्जरित अवस्थामा छ । यस क्षेत्रलाई राष्ट्रिय विकासको महत्त्वपूर्ण अङ्गको रूपमा स्थापित गर्न समयोचित सुधार आवश्यक छ। परिमार्जन गर्नको निमित्त यस क्षेत्रको पहिचान र यसमा देखिएका समस्यालाई केलाउनुपर्दछ। तसर्थ परम्परागत सीपको सर्भेक्षण, अध्ययन अनुसन्धान र संरक्षणका पक्षलाई प्राथमिकता दिनु आवश्यक हुन्छ। यस क्षेत्रले स्थानीय विकासमा ठूलो भूमिका खेल्न सक्छ, रोजगारीको अवसर वृद्धि गर्न सक्छ। पर्यटन उद्योगमा टेवा पुऱ्याउन सक्छ तथा समग्रमा भन्नुपर्दा राष्ट्रिय गौरव

र प्रतिष्ठाको संरक्षण गर्दै अर्थतन्त्रलाई मजबुत बनाउन मद्दत गर्दछ। प्रेरणा प्रदायक नीतिको अवलम्बनले सीप वा प्रविधि हस्तान्तरणको पक्षलाई जीवन्त राख्दछ । तसर्थ “सजीव लोककला प्रतिष्ठानको” परिकल्पनालाई मूर्त रूप दिनु वाञ्छनीय देखिन्छ ।

**सन्दर्भ सामग्रीहरू**


१. सी.एल. गजुरेल र के.के. वैद्य, “नेपालका परम्परागत प्रविधि”, प्रकाशक– पाठ्यक्रम विकास केन्द्र, त्रिभुवन विश्वविद्यालय, सन् १९७९ ।

२. सी.एल. गजुरेल र के.के. वैद्य, “पश्चिम नेपालका परम्परागत प्रविधि” त्रि.वि.मा प्रेषित प्रतिवेदन, सन् १९८१ ।

३. सी.एल. गजुरेल र के.के. वैद्य, “नेपालका परम्परागत कला र शिल्पकला” प्रकाशक एस. चाँद एण्ड कम्पनी, भारत, सन् १९८४ ।

४. सी.एल. गजुरेल, “नेपाल र जापानका परम्परागत कला तथा शिल्पकला”, प्रकाशक– पिलग्रीम बुक हाउस, काठमाडौं, सन् १९९८ ।

५. यानागी सोयस्तु “अज्ञात शिल्पकार”, प्रकाशक– कोदान्सा इन्टरनेशनल, टोकियो, सन् १९७२ ।




# फेरि चन्द्र प्रसङ्ग

– कमल दीक्षित

चन्द्रशमशेरको सिआइडी सिस्टम (खुफिया विभाग) कति तगडा थियो भन्नलाई यस कागजले धेरै कुरा बताउँछ । 'यस कागजले' भन्नाले जनाउँछ– नेपाली कागजकै सुतली बनाई सिइएका पातलो नेपाली कागजका ३ फर्दालाई। त्यो फर्दामा कुनै सही या छाप केही छैन । तिथिमिति पनि छैन । ती तीन फर्दामा दुइटा अलि लामा २३ इन्चीका छन्। एउटा भने आधा सानो ११ इन्ची मात्रको छ। चौडाइ भने एकनास ९ इन्ची छ। यसै कागजसँग राखिएको राणा रोलक्रमका चारओटा लिस्ट पनि थिए १९५८ देखि १९७० सम्मका। यी तीन फर्दाका अंश नभए पनि यी फर्दा बुझ्न सजिलो पर्ला भनी साथै संलग्न गरेर (मैले) राखेको हुँ। विशेष केही महत्त्वको नभए पनि यी सबै कुरा ऐतिहासिक हुन् नै। त्यसमा शंका छैन। अत: यिनलाई जस्ताको तस्तै प्रस्तुत गरिएको हो– यो चन्द्र प्रसङ्ग।

निजामती सेवामा के कस्तो भित्री कुरा बुझ्ने गरिन्थ्यो भन्नलाई यो जंगी (मिलिटरी) तर्फ गरिएको चियोचर्चोले धेरै मद्दत गर्छ। (आफूभन्दा एकै तहमुनिका) 'कमान्डचिफ' कमाण्डर इनचिफ (भीम शमशेर) का बारेमा अनि पू.क.ज., द.क.ज. र उ.क.ज. देखि तल कर्णेल कप्तानहरूसम्मका सबै (शमशेर) राणाहरूबारे एकएक कुरा बुझी जाहेर गर्नू भन्ने उनको उर्दी थियो जस्तो देखिन्छ यो पढ्दा। महाराजले यो एउटा स्रोतबाट मात्र होइन, यस्ता अरू दुईचारतिरबाट जाहेरी लिन्थे कि जस्तो लाग्छ । धेरैतिरबाट जे कुरा आयो त्यसैलाई सत्य मान्ने परम्परा थियो कि जस्तो पनि देखिन्छ । यस जाहेरीमा जाहेरीवालाको पनि नाम र मिति छैन । तर जान्नेहरूले खोजी पसे फेला पार्न सक्छन्। अब ती कागज नै हेरूँ। लेखेको छ–

**"श्री पु.क.ज. (जुद्धशमशेर) कवाज्मा आईवक्सेमा कईले टायम्मा आई वक्सीने कईले १०।२० मीनेट ढीला पनी गरीवक्सीने सरकारको वडो डर राखी कामकारवाई पनी वहुत मीहीनेत् साथ**

गरी वकसीने मुद्दाहरू वुजीवक्सीन भने अली जता अलमलाय पनी अलमली वक्सीने आजकाल पनी उस्तै नै बुजींछ-----------------

श्री द.क.ज. (धर्मशमशेर) कवाज्मा मावुली आधा घन्टासम्ममा आई वक्सीने अली नवावी चाल् र कामकारवाईलाई पनी आफुलाई परीआय मात्र गर्नुपर्ला भनेझैं गरी पेटमा अली तुस् रहीवक्सीने मन्लायेर गरीवक्सेमा कामगरीवक्सीने जस्तो बुजींछ-----------

श्री उ.क.ज. (रूद्रशमशेर) कवाज्मा आईवक्सेमा कईलेकाई ढीला भया मात्र टायम्मा आईवक्सीन्छ कामकारवाईलाई लाई अली कडा मेजायस् गरी वेसै गरी वक्सीन्ये अली जीद्धी गरीवक्सीन्छ अफीसरहरू पनी आजकाल वल्टाकोल्टा गरी चाकरी गर्न कोसीस गर्दा छन् अली काम ल्येई वक्सेकाले पनी होकी-----------------

श्री ज. तेज् सम्सेर कवाज्मा सधैं वहुत् वडो टायम्मा आईवक्सीन्छ कामलाई पनी वाहावाट नजानी वक्सेको छईनकी जस्तो लागछ तर जुवफ वक्सीन भन्ये नाह्मेट छ सोवाफ् डरलागदो थइला काट्ने मुसाको जस्तो बुजींछ-------------------------------

श्री ज. प्रताप सम्सेर कवाज्मा सधै २०।२५ मीनेट पछी आईवक्सीन्छ अली नवाफी चाल कुरा नवुजी अली अर्काको होहोरीमा लागीवक्सीन्छ-----------------------------------------

श्री ले.ज. वाहादुर सम्सेर कवाज्मा कैले टायम्मा र कईले ले १०।१५ मीनेट् ढीला पनी आइवक्सीने ज्यादा कडा मेजायस् कोई कुरा नवुझीकन पनी रीसाईवक्सीने छाट् छ-----------------

श्री मे.ज. हरी सम्सेर कवाजमा अघी अघी भने वहुत टायम्मा आईवक्सीन्थ्यो आजकाल आधा टायम्मा आईवक्सीन्छ अफीसर देखी सीपाई तक्ले मागनेलाई आईन्मा नमीलने पनी दीने मेजायस र आफुबाट षेलीवक्सीने पलटन्का सुवेदार खेखीन् सीपाई सम्म चाकरी गर्ने छन् आजकाल अघीका भन्दा धेरै कम् भयाको छ------------------------------------------------

श्री मे.ज. प्रचंड सम्सेर कवाज्मा आईवक्सेमा वहुत टायम्मा आईवक्सीने काम कारवाईलाई साधारान् होई वक्सीन्छ-----------

श्री मे.ज. षम्व सम्सेर कवाजमा अली १५।२० मीनेट पछी आईवक्सीने सरकारको डर वहुत राखीवक्सीने काम साधारान्------

श्री मे.ज. हीरण्ये सम्सेर कवाज्मा संधै आधा टायम् कवाज्मा आईवक्से देषी खरीवोटमा गफमा पनी सार्कीकट्टा देखीन् अरू नहुन्ये कोई अफीसरले वक्साउंन आयमा पनी आफुभन्दा माथीको अरू जनरलहरू भया पनी वाहा वाट जुवाफ वक्सीने जुवाफपनी जथाभावी वक्सीनेः हुन्ये कुरा पनी नहुन्ये कुरा पनी दे भनी वक्सीने पालामा पनी गडवड् हुन्य हुन्ये ठाउँ सम्म साटो पठाई वक्सीने------------------------------------------

श्री क. भुपाल सम्सेर कवाज्मा १०।१५ मीनेट् ढीला आई वक्सीन्छ ज्यादा साधारान् चाल होइवक्सीन्छ------------------

श्री ले.क. धन सम्सेर कवाज्को टायम्मा १०।१५ मीनेट् ढीला आई वक्सीन्छ ज्यादै नै साधारान् होइवक्सीन्छ------------

श्री ले.क. राज सम्सेर कवाज्मा सधै ठीक टायम्मा आई वक्सीने कामकारवाईलाई वाहा भन्दा गड्वढीया वा मानीस् थोरै मात्र हुन पर्छ आफना पलटंका हुद्दा जमदार चाकरी गर्न वहुत जान्थे आजकाल अली कम्भयका छन्-----------------------------

श्री ले.क. लीला सम्सेर कवाज्मा १०।१५ मीनेट् ढीला आईवक्सीने अली नवावी छाट् छ वहुत साधारांन् छाट् छ--------

श्री ले.क. मेघ सम्सेर कवाज्मा वहुत टायम्मा आईवक्सीन्छ मीहीनेतीमा पनी वहुतै अलि कडा मेजायस र अली केटाकेटी सोभाव होईवक्सीन्छ-------------------------------------------

श्री क.क. समर सम्सेर कवाज्मा २५।३० मीनेट् सधै पछि आईवक्सीने अलसीमा ताहां भन्दा अर्को मानीस हुन दुरलभ छ-----

श्री क.क. इन्द्र सम्सेर कवाज्मा कईले टायम्मा र कईले १०।१५ मीनेट् ढीला पनी आईवक्सीने अली ज्यादै वाय छाट् होई वक्सीन्छ---------------------------------------------

श्री क. तीर्थ सम्सेर कवाज्मा कईलेकई १०।८ मीनेट ढीला आईवक्सीने अली नवावी छाट् र अली छट्टेल छाट् होईवक्सीन्छ----

श्री ले.क. समीर सम्सेर कवाज्मा टायम्मा आई वक्सीने साधारन् नै होईवक्सीन्छ-----------------------------------------

श्री क. आनन्द सम्सेर कवाज्मा सधै २०।२५ मीनेट् ढीला आई वक्सीन्ये पालामा पनी गड्वड् हुन्ये सम्म ठाउँलाई पालामा तहा पठाई वक्सीन्ये काई गारो काम पर्ने सम्भव बुजेको छ भन्ये अघी नै वेरामी होईवक्सीने वनारसी मेजायस् होईवक्सीन्छ---------

श्री ले.क. लोकींद्र सम्सेर कवाज्मा कईलेकाई ढीला भयामा पनि टायम्मा आईवक्सीन्ये ज्यादै साधारान् होईवक्सीन्छ------------

श्री ले.क. पुस्प सम्सेर कवाज्मा सधै टायम्मा आईवक्सीन्छ साधारान् अली केटाकेटी मेजायस् होईवक्सीन्छ------------------

श्री क. तुला सम्सेर कवाज्मा टायम्मा आई वक्सीन्ये अली नचाइने कुरामा गड्वड् होईवक्सीन्छ---------------------------

श्री ले. क. पृथीवी सम्सेर कवाज्मा २।४ मीनेट् कईले ढीला साधारन् होईवक्सीन्छ--------------------------------------

श्री ले.क. भैरव सम्सेर कवाज्मा ठीक टायम्मा आई वक्सीने ज्यादा छट्टेल् छाट् होईवक्सीन्छ----------------------------------

श्री ले.क.वेद सम्सेर कवाज्मा सधै २०।२५ मीनेट् ढीला धीगनाय छाट् होईवक्सीन्छ--------------------------------

श्री मे.क. सुंदर सम्सेर कवाज्मा कईलेकाई २।४ मीनेट् ढीला साधरान् होईवक्सीन्छ--------------------------------------

यो सवै वात श्री प.क.ज. (जुद्धशमशेर) बाट राम्रो गरी वीचार नगरी वक्सेकाले कवाजमा वाइऱ्या राणाजी देषीं अरू अफीसर अईन् वमोजीम्को टायम्मा आयाका छन् १७ भाईलाई जनरल सम्मलाई सामेली लायका आधा घन्टा सम्म र अरूलाई १५।२० मीहीनेट सम्म वक्सेकाले मूल्या भयाको छ ढीला आईवक्सीन्यालाई जयर गर्दा अघीअघीको वात् तलाई थाय छईन नआयपनी हुंन्थ्यो अव गर्दा गर्दा ठीक हुन्छ भन्ये मर्जी हुंछ अरू केई कारवाई पनी करहेवीग्रय पनी नवुजी फुट् चाडो जुवाफ वक्सीन्थे। सोई कुरा २।३ वाजी पनी गर्नु पर्ने दीन्ये कुरा मात्र लाई पनी जे वीन्ती

**गरे पनी हुदैन छईन कोइ कुरामा पनी सजाय गरी वक्सीदैन नीकै होईवक्सन्छ-----------------------------------------------**

**श्री कम्याडर ईन चीफबाट (भीमशमशेर) पनी वार पनी उठान् भन्ये वहुत गरीवक्सीने आट्काट गरी नीकासा भन्या वहुतै ढीला गरी वक्सेकाले हरेक काम ढीला भयाको जस्तो छ-------"**

\+ + +

(साथको फर्दामा)

*१. वि.सं. १९५८ आषढ सुदी १० रोज ४, तदनुसार जून २६ ता. १९०१ ई.का दिन श्री ३ चन्द्र शमशेर सत्तामा आए।*

*२. वि.सं. १९५८ कार्तिक तदनुसार अक्टूवर ३० ता. १९०१ ई. का दिन भू.पू. श्री ३ देव शमशेर भारतको दार्जीलिङ तर्फ पलायन भए।*

*३. वि.सं. १९५९ मार्गमा "पान्चायण" पुगि रोलको तपसीलमा लेखिएका "राणाजी"हरूले धर्मभाके।*

## *रोलको तपसील*

*१) श्री ३ महाराज चन्द्रशमशेर – स्व.प्र.से. धीरशमशेरका छैठौं पुत्र*
*२) प्र.से.जनरल भीमशमशेर – स्व.प्र.से. धीरशमशेरका सातौं पुत्र*
*३) प.क.ज. फत्यशमशेर – स्व.प्र.से. धीरशमशेरका आठौं पुत्र*
*४) पू.क.ज. जीतशमशेर – स्व.प्र.से. धीरशमशेरका नवौं पुत्र*
*५) द.क.ज. जुद्धशमशेर – स्व.प्र.से. धीरशमशेरका पन्ध्रौं पुत्र*
*६) उ.क.ज. गेहेन्द्रशमशेर – स्व.श्री ३ वीरशमशेरका जेष्ठ पुत्र*
*७) पहिला जनरल धर्मशमशेर – स्व.श्री ३ वीरशमशेरका दोश्रो पुत्र*
*८) दोश्रा जनरल रुद्रशमशेर – स्व.श्री ३ वीरशमशेरका चौथो पुत्र*
*९) तेश्रा जनरल पद्मशमशेर – प्र.से. भीमशमशेरका प्रथम पुत्र*
*१०) चौथा जनरल पुण्यशमशेर – प.प्र.से. खड्गशमशेरका प्रथम पुत्र*
*११) पहिला ले.ज. जङ्गशमशेर – भू.पु. श्री ३ देवशमशेरका जेष्ठ पुत्र*
*१२) दोश्रा ले.ज. तेजशमशेर – स्व. श्री ३ वीरशमशेरका पाँचौ पुत्र*

१३) तेश्रो ले.ज. मोहनशमशेर – श्री ३ चन्द्रशमशेरका जेष्ठ पुत्र

१४) चौथा ले.ज. जयशमशेर – प.प्र.से. खड्गशमशेरका दोश्रो पुत्र

१५) पहिला मे.ज. प्रतापशमशेर – स्व. श्री ३ वीरशमशेरका छैठौं पुत्र

१६) दोश्रा मे.ज. बबरशमशेर – श्री ३ चन्द्रशमशेरका दोस्रा पुत्र

१७) विक्रमशमशेर – प.प्र.से. खड्गशमशेरका तेश्रा पुत्र

१८) बहादुरशमशेर – प.प्र.से. खड्गशमशेरका चौथा पुत्र

१९) केशरशमशेर – श्री ३ चन्द्रशमशेरका तेश्रा पुत्र

२० बहादुरशमशेर – द.क.ज. जुद्धशमशेरका जेष्ठ पुत्र

४. वि.सं. १९५९ फाल्गुन महिनामा प.प्र.से. खड्गशमशेर पाल्पा गौडा छोडि भारतको "सागर" नामक शहरतर्फ पलायन भए।

खड्ग पुत्रहरू र देव पुत्रहरूको रोलक्रम चन्द्रले खारेज गरे।

५. वि.सं. १९६४ जेष्ठ शुक्ल २ का दिन प.क.ज. फत्यशमशेरको मृत्यु पछिको रोलको क्रम

## रोलको तपसील

१) श्री ३ महाराज चन्द्र शमशेर प्र.म.एण्ड मार्शल

२) प्र.से. जनरल भीमशमशेर

३) प.क.ज. जीतशमशेर

४) पू.क.ज. जुद्धशमशेर

५) द.क.ज. गेहेन्द्रशमशेर

६) उ.क.ज. धर्मशमशेर

७) पहिला जनरल रुद्रशमशेर

८) दोश्रा जनरल पद्मशमशेर

९) तेश्रा जनरल तेजशमशेर

१०) चौथा जनरल मोहनशमशेर

११) पहिला लेफ्टिनेन्ट जनरल प्रतापशमशेर

१२) दोश्रा लेफ्टिनेन्ट जनरल बबरशमशेर

१३) तेश्रा लेफ्टिनेन्ट जनरल केशरशमशेर

१४) चौथा लेफ्टिनेन्ट जनरल बहादुरशमशेर

१५) पहिला मेजर जनरल अग्निशमशेर
१६) दोश्रा मेजर जनरल सिंहशमशेर
१७) हरिशमशेर
१८) प्रचण्डशमशेर
१९) भूपालशमशेर
२०) कृष्णशमशेर

६. वि.सं. १९६४ भाद्र सुदी ४ का दिन द.क.ज. गेहेन्द्रशमशेरको मृत्यु पछिको रोलको क्रम

## रोलको तपसील

१) श्री ३ महाराज चन्द्रशमशेर प्र.म.एण्ड मार्शल
२) प्र.से. जनरल भीमशमशेर
३) प.क.ज. जीतशमशेर (राजीनामा दिएकाले घरै बस्थे)
४) पू.क.ज. जुद्धशमशेर
५) द.क.ज. धर्मशमशेर
६) उ.क.ज. रुद्रशमशेर
७) पहिला जनरल पद्मशमशेर (ज्यादातर यिनी बाटोकाज तर्फै काजमा खटीन्थे)
८) दोश्रा जनरल तेजशमशेर
९) तेश्रा जनरल मोहनशमशेर (श्री ३ चन्द्रशमशेरका पुत्र)
१०) चौथा जनरल प्रतापशमशेर
११) पहिला लेफ्टिनेन्ट जनरल बबरशमशेर (श्री ३ चन्द्रशमशेरका पुत्र)
१२) दोश्रा लेफ्टिनेन्ट जनरल केशरशमशेर (श्री ३ चन्द्रशमेशरका पुत्र)
१३) तेश्रा लेफ्टिनेन्ट जनरल बहादुरशमशेर
१४) चौथा लेफ्टिनेन्ट जनरल अग्निशमशेर
१५) पहिला मेजर जनरल सिंहशमशेर (श्री ३ चन्द्रशमशेरका पुत्र)
१६) दोश्रा मेजर जनरल हरिशमशेर
१७) प्रचण्डशमशेर (पाँच वर्षको उमेरमै मेजर जनरल)
१८) भूपालशमशेर

१९) कृष्णशमशेर (श्री ३ चन्द्रशमशेरका पुत्र)

२०) सूर्यशमशेर

७. वि.सं. १९७० फालगुण ११ गते बुधबारका दिन प.क.ज. जीतशमशेरको मृत्यु भएपछिको रोलको क्रम

## रोलको तपसील

१) श्री ३ महाराज चन्द्रशमशेर प्र.म.एण्ड मार्शल

२) प्र.से. जनरल भीमशमशेर

३) प.क.ज. जुद्धशमशेर

४) पू.क.ज. धर्मशमशेर

५) द.क.ज. रुद्रशमशेर

६) उ.क.ज. पद्मशमशेर

७) पहिला जनरल तेजशमशेर

८) दोश्रा जनरल मोहनशमशेर (श्री ३ चन्द्रशमशेर पुत्र)

९) तेश्रा जनरल प्रतापशमशेर

१०) चौथो जनरल बबरशमशेर (श्री ३ चन्द्रशमशेरको पुत्र)

११) पहिला लेफ्टिनेन्ट जनरल केशरशमशेर (श्री ३ चन्द्रशमशेरको पुत्र)

१२) दोश्रा लेफ्टिनेन्ट जनरल बहादुरशमशेर

१३) तेश्रा लेफ्टिनेन्ट जनरल अग्निशमशेर

१४) चौथा लेफ्टिनेन्ट जनरल सिंहशमशेर (श्री ३ चन्द्रशमशेरको पुत्र)

१५) पहिला मेजर जनरल हरिशमशेर

१६) दोस्रा मेजर जनरल प्रचण्डशमशेर

१७) भूपालशमशेर

१८) कृष्णशमशेर (श्री ३ चन्द्रशमशेरको पुत्र)

१९) सूर्यशमशेर

२०) विष्णुशमशेर

# ललितपुर घोषणापत्र, २०६८

**(नेपाली भाषा प्रयोगकर्ताहरूको संकल्प, ललितपुर, २०६८ चैत ११)**

भाषामा भिजिसकेका, प्रयोगकर्ताले पचाइसकेका, सर्वत्र प्रचलित शुद्ध-स्वाभाविक हिज्जेलाई जबरजस्ती परिवर्तन गर्न खोज्नु भाषामाथि अन्याय गर्नु हो । भइरहेको प्रचलन बिथोलेर सरलताका नाममा जटिलता र दुर्बोध्यता थप्ने यस्तो अनधिकार चेष्टाले भाषामा अव्यवस्था सृजना गर्दछ । परम्परागत लेखन प्रणालीमा एकमुष्ट हस्तक्षेप गरी बलपूर्वक लागू गर्न खोजिएका कतिपय अस्वाभाविक नियमले नेपाली भाषालाई संकुचित र कमजोर बनाउँदै लगेका छन् । प्रयोगकर्तालाई अन्योलग्रस्त बनाएको यो भुमरीबाट मुक्त हुन हामीले आफैं पहल गर्नुपर्ने भएको छ ।

हिज्जेका समस्या विभिन्न प्रकृतिका छन् । मुख्य समस्या चाहिं लामो समयदेखि व्यापक चलनचल्तीमा रहेका शुद्ध शब्दहरूलाई तिनको हिज्जे बिगारेर विकृत बनाइनु नै हो । यस्ता शब्दहरूबाट श-ष हटाएर तिनको ठाउँमा पातलो स मात्र राख्ने, शुरू र बीचमा रहेको दीर्घ इकार-उकारलाई ह्रस्व बनाउने प्रचेष्टा कुनै पनि दृष्टिले उपयुक्त होइन । शब्दको रूपात्मक तथा ध्वन्यात्मक पक्ष र त्यसले पार्ने प्रभावप्रति देखिएको यो असंवेदनशीलताले भाषाको ओज र सौन्दर्यमा समेत नकारात्मक प्रभाव पार्दछ । संस्कृतबाट आएका तत्सम शब्दलाई जस्ताको तस्तै राखेर अन्य भाषाबाट त्यसैगरी आएका शब्दमाथि मात्र गरिएको यो लहडबाजीले नेपाली भाषालाई अनुदार एवम् छुवाछुतवादी छवि दिएको छ जो झन् आपत्तिजनक छ । यो समग्र प्रक्रियाप्रति हामी पूर्णतः असहमति व्यक्त गर्दछौं । साथै, विवादहीन तवरले प्रचलनमा रहँदै आएका अन्य शब्दहरूको समेत श-ष-स र ह्रस्व-दीर्घमा जबरजस्ती हेरफेर गरेर भाषामा अनावश्यक विवाद, अन्योल एवं अराजकता सिर्जना नगर्न सबैलाई आग्रह गर्दछौं ।

यस पृष्ठभूमिमा, हिज्जे लगायतका विभिन्न समस्याबाट उन्मुक्ति दिलाएर नेपाली भाषालाई सहज-स्वाभाविक गतिमा अघि बढाउनुपर्ने

बृहत्तर दायित्वको बोध गर्दै, प्रारम्भिक कदमका रूपमा, हामी नेपाली भाषाका निम्नलिखत प्रयोगकर्ताहरू यो संकल्प गर्दछौं :

- ◆ **जुनसुकै भाषाबाट आएका भए पनि, लोकव्यवहारमा पचिसकेका 'तत्सम' शब्दका इकार–उकार, श–ष–स आदि नबिगारी जस्ताको तस्तै लेख्ने । जस्तै–**

– नीर, तीर≤ चीफ, जीप, टीचर, टीम, ठीक, डीन, बीच, भीड, मीटिङ, रीट, लीलाम, सीट, स्टील, हीटर आदि ।

– समीप, शरीर≤ शहीद, अपील, कारीगर, खरीद, गरीब, जमीन, जागीर, तपसील, तस्बीर, तारीफ, तालीम, दलील, नजीक, नजीर, नतीजा, नसीब, पनीर, रईस, वकील आदि ।

– खूबी, छूट, तूफान, फूटपाथ, बूट, भूल, भूटान, स्कूल, लूट आदि ।

– अटूट, कपूत, कसूर, कानून, कार्टून, जुलूस, देहरादून, नमूना, बावजूद, मजदूर, मजबूत, महसूस, सबूत आदि ।

– शर्त, शर्बत, शहर, शान, शायद, शायर, शायरी, शिकार, शुरू, शेक्सपियर, शेखी, शेयर, शेर, शो रूम आदि ।

– कुश्ती, कोशिश, कोशी, खुशी, चश्मा, जोश, दशैं, विशाल, निशाना, पेशा, पिशाब, फेशन, बेहोश, मशाल, मालिश, मुश्किल, लाश, सिफारिश, होश, होशियार आदि ।

- ◆ **परम्परागत रूपमा दीर्घ लेखिंदै आएका शब्द यथावत् लेख्ने । जस्तै–**

– कीरो, खीर, चीसो चूलो, जीउ, तीतो, नीम, पीठो, पीर, पीरो, भीड, मीठो, मीत, रीस, शीत, हीरा≤ बीस, तीस, चालीस≤ ठूलो, दूध, धूलो, पूरा, फूल, बूढो, मूला आदि ।

- ◆ **नेपाली भइसकेका तत्सम शब्दमा प्रत्यय लगाउँदा मूल शब्दको ह्रस्व–दीर्घ, श–ष–स आदि जबर्जस्ती नबिगारी लेख्ने । जस्तै–**

– जोशिलो, विश्वासिलो, विदेशिनु, तुषारो, पोषिलो, वर्षेनि,

पुष्टचाइँ, दुष्टचाइँ, प्रष्टचाउनु, वर्षिनु, स्वीकार्नु, पूर्वी, पूर्वेली, एकवर्षे, दुईवर्षे आदि ।

**हस्ताक्षरकर्ता–**

हरि अधिकारी, जगदीश घिमिरे, खगेन्द्र संग्रौला, कमल दीक्षित, शरच्चन्द्र वस्ती, नारायण ढकाल, कृष्ण धरावासी, अभि सुवेदी, किशोर नेपाल, गोविन्दराज भट्टराई, मंजुल, नगेन्द्रराज शर्मा, रोचक घिमिरे, नयनराज पाण्डे, अविनाश श्रेष्ठ, धर्मेन्द्र झा, शिव गाउँले, किरण नेपाल, केदार शर्मा, बद्री पौडेल, कृष्णमुरारी भण्डारी, हस्त गुरुङ, धीरेन्द्र प्रेमर्षि, श्यामल, गोविन्द वर्तमान, शार्दूल भट्टराई, शेखर खरेल, मोहन मैनाली, राप्रउ पोखरेल, रमेश गोर्खाली, गाउँले बलदेव, नरेन्द्रराज प्रसाई, पारस नेपाल, लोचन भट्टराई, श्रवण मुकारुङ, बुद्धिसागर, सुरेश प्रांजलि, रजनी ढकाल, इन्दिरा प्रसाईं, राजन कुइकेल, नारायण श्रेष्ठ, सनत कुमार वस्ती, धर्मराज दाहाल, रघु घिमिरे, जयप्रसाद दाहाल, रोशन थापा 'नीरव', श्याम साह, गणेश पौडेल, मणि शर्मा, रेनुका ढकाल, सप्रेम अर्चना, दीक्षा वस्ती, भीम दाहाल, संजीव राई, गुणराज काफ्ले, शंकरप्रसाद खनाल, चक्रपाणि नेपाल, विभोर बराल, डा. सुबोध शुक्ला, मुरारी सिग्देल, दण्डपाणि उपाध्याय, लक्ष्मी उप्रेती, निरंजन पराजुली, नारायण पोखेल, पारस ढकाल, नारायण रेग्मी, दीपक श्रेष्ठ, विनोद ढकाल, सुशील पोखरेल, राजन नेपाल, जीतु खड्का, चूडामणि खनाल ।



# गरुड

– दामोदर पौड्याल

*[प्राविधिक र अध्यात्म विषयमा सातओटा पुस्तकहरू प्रकाशित गरिसकेका दामोदर पौड्यालको कुनै लेख यसअघि 'नेपाली' मा छापिएको थिएन । ऐले यो निबन्ध हामीकहाँ आइपुग्यो । विशुद्ध निबन्धको शैलीमा लेखिएको यो लेख, गरुड विषयमा चाख राख्ने पाठकहरूलाई मन पर्नेछ भन्ने हामीलाई लाग्छ। नेपालको प्रतीक चिन्ह नै गरुड हुनुपर्छ भन्ने मान्यता राख्ने बालकृष्ण समको सम्झना हुन्छ यो लेख पढ्दा । स्मरणीय के छ भने पौड्यालजीले सम्झेको राष्ट्र ब्याङ्कको लोगोको गरुड पनि समजीकै देन हो। मदन पुरस्कारको लोगोभित्रको गरुड पनि। त्यतिमात्र होइन बालकृष्ण सम गोरखापत्रको सम्पादक हुँदा गोरखापत्रको शिरविन्दुको रूपमा गरुडको चिन्हको प्रयोग प्रारम्भ गरिएको थियो । पछिपछि धेरै वर्षसम्म गरुडको चिन्हले गोरखापत्र सुशोभित भएर मात्र पछि 'अवकाश पाएको हो। तर समजीको गरुड उनकै भाकामा 'विशुद्ध नेपाली शैली' को हुन्थ्यो, भारतीय वा इण्डोनेशियाको शैलीमा होइन। – सम्पादक]*

मन्दिरको मूल ढोकामाथि गरुडले सर्पहरूलाई आहारा बनाउँदै चपाउन लागेको काठका कलात्मक चित्र देखिन्छ, काठमाडौंका ठाउँठाउँका मन्दिरका ढोकामाथि। सर्प निश्चय विषालु जीव हो। विषको उचित प्रयोग महौषधि बन्छ। तर, त्यसैले मान्छेलाई टोक्दा मान्छेको मृत्यु हुन्छ । त्यतिबेला त्यो महौषधि नभई सर्वनाशको कारण बन्छ।

सर्वसाधारण हिन्दूले पूजा गरिने सर्प (नाग) उसको अहङ्कार (विष)कै कारण मृत्युको मुख गरुडको आहारा बन्न पुगेको हुन्छ। जस्तो विशिष्ट चेतना भएको मान्छे पनि अहंकारकै कारण ऊ मृत्युवरण गर्न पुग्छ । सर्पको विनाश लीलाबाट हामीलाई जोगाउने सर्पकै राजा भनिने गरुडलाई सर्प देख्नेबित्तिकै मान्छेले गरुड ! गरुड ! ! भनी पुकार्ने चलन छ।

त्यस्तै हो मान्छे क्रुज क्षेप्यास्त्र बनाएको दावा गर्छ। त्यतिमात्र होइन तारा युद्धका लागि सैनिक उत्पादन (एटम बम) अस्त्रशस्त्र बनाउँछ। तर उसको विवेकले हिरोसिमा र नागासाकीको दृश्यले निःशस्त्रीकरणको पनि आवश्यकता देख्न पुग्छ, विषाक्त संसारबाट प्राणी मात्रलाई जोगाउन गरुडले विषादी सर्प नियन्त्रण गरेझैं।

विकासको साथै विनाशको सिर्जना प्राकृतिक कुरै हो। विज्ञानले निर्माणको साथै ध्वंस पनि गर्न सक्छ। जब विकासका गतिले प्रतिक्रया (अपवाद) को आकस्मिकताले नियमितता पाउँछ, त्यतिबेला गरुडरूपी शक्तिले विवेकको आधारमा यथार्थ (साम्यावस्था) मा परिणत हुन सबैलाई प्रेरित गरिरहेको हुन्छ। यसैलाई प्राकृतिक सन्तुलन भन्ने गरिन्छ।

विज्ञानको विकासको क्रमसँगै विकारको रूपमा रहेको ओजन तहकै समस्या जस्ता विषाक्त विकारको नाश गर्दै शुद्धीकरणको प्रतीकका रूपमा गरुड (खेचर) को योगदानलाई बुझेझैं उचित समिधा र चरूको अग्निमा होमेर उत्पादित पवित्र धुवाँले आकाशको वातावरणमा शुद्धीकरण गर्ने तत्त्वको विकास गर्न ध्यान दिन सक्यौं भने प्राकृतिक स्वच्छताको लागि गरुडले झैं पृथ्वीका मानिसले पनि कम योगदान दिन नसक्ने होइन। केवल आवश्यकता छ विवेक शक्तिमा सबैको विश्वास। सर्प यज्ञमा मन्त्रशक्तिद्वारा पनि सर्प मारेको पुराणमा उल्लेख छ।

आदिम सभ्यतादेखि नै जब मान्छेले जंगली युग, ढुंगे युग, कृषि युग, खेतीपातीको साथै हतियार (विज्ञान) को विकास गर्दै आएको हो। कुटो, कोदालो, फाली (हलो) को विकास मात्र गर्न जानेको होइन। शत्रुको हमलाबाट आत्मरक्षाको लागि उसले खुँडा खुकुरीको पनि विकास गऱ्यो। यसरी ढुंगे हतियारबाट हामी फलाम औजार विकसित भएको देख्छौं। ढुंगेयुगका हतियारले भन्दा फलामे हतियारबाट कैयौं नरसंहार गर्दै आयो। गोर्खालीहरूले रातो रुमालले बाँधेको खुकुरी भिरेर विश्वयुद्धमा जर्मनको धावामा लडेका थिए। उनीहरूले वीर जातिको प्रसिद्धि पनि पाए।

तर, विचरो गाउँले जेठो कामीलाई के थाहा? उसले चालीस (४०) वर्षदेखि बनाई बेच्दै गरेको खुँडा खुकुरीले कति मान्छेहरू लास बने। आज आएर उसमा संवेदनशीलताको बोध हुन्छ। जब ठूलेले

आफूले बनाएको खुकुरी विनाशको कारण देख्यो र उसले भन्यो– "मलाई त खुकुरीभन्दा कुटो, कोदालो, फाली जस्ता कुरा बनाउन मन लाग्छ।" तर उसैको खुकुरीले अरूलाई मार्ने काम मात्र गरेको थिएन, साथै आत्मरक्षा पनि। उसको विवेकले खुकुरीबाट निरीह प्राणी, खसी, बोकादेखि शक्तिशाली मान्छेसम्म कैयौंको रगत बगेको उसले देखेको दृश्य बिर्सेको छैन, हिरोसिमामा एटम बम खसाल्ने पाइलटले जैं। जे होस्, ज्ञानले विकास गर्छ, हलो पनि खुकुरी पनि। हामी सुरक्षित हुन्छौं, उसको विवेकको प्रयोगबाट स्रोत र साधनको सदुपयोग गर्दै प्राकृतिक सन्तुलन कायम गरेर। आजको विकसित युगमा ज्ञान र विज्ञानको सन्तुलित विकास विवेक सम्मत तरिकाले शान्ति र प्रगति खातिर सबैले ध्यान पुऱ्याउन आवश्यक छ। अन्यथा सर्पको राजा सम्मान पाएको गरुड र नागका बीचको सम्बन्ध बुझ्न धेरै ठूले कामीहरू जन्मनुपर्छ। किनभने विकास गर्न भन्दा विनाश रोक्न झन् कठिन हुन्छ।

नेपाल राष्ट्र बैंकले मौद्रिक विकासको ऊर्जामा स्वाभाविक सन्तुलन राख्ने प्रतीकको रूपमा आफ्नो लोगोमा गरुडलाई नै छानेको पनि यसै अर्थमा बुझ्दा फरक पर्दैन होला।

अन्तत: विवेक यथार्थ (विज्ञान) हो, यसले सत्यको (आध्यात्मिक) पनि अनुभूति गराउँदछ। त्यसैले यो ब्रह्माण्डको वातावरणमा सन्तुलन कायम गर्न सम्भव भैरहेको छ। वैज्ञानिक प्रगति र आध्यात्मिक चेतनाको विकास एक अर्काको परिपूरकका रूपमा शास्वत यथार्थमा स्थित छन्। त्यसकारण यसको विपरीत यी दुईलाई एक अर्काको विकल्पको रूपमा हेर्न थालियो भने त्योभन्दा महा भूल अरू हुँदैन। त्यति मात्र होइन मानव सभ्यताकै लागि अनर्थको कुरा हुनेछ।



*(पृष्ठ २ को बाँकी)*

छ- यो म पछि श्रीमान्‌लाई अवगत गराउँनेछु. परन्तु मलाई करिब २ मैना भयो १ मैनामा १० दिन सिवाय आराम लिन सकेको छैन जँचाउदा एक श्राई र औषधि गरनु परने भयबाट श्रीमान् समक्ष हाजिर हुन सकिन र डेरामा वशि उपचार गर्दैछु. कारण घर पनी टाडा भयको र अरुसित माग्ने चलन नभयकाले खर्च विना मूसिवत परेको छ साहितीक वेक्तिलाई वचाय मात्र साहित्यको विकाश हुन्छ तसर्थ मलाई रु. ४०।- यै पत्र लेराउने मेरा हितैषि साथिलाई दिपठाउनु होला। श्रीमानलाई दुख दिऊ जस्तो ता लागेको थियन के गरौं दुखमा सम्झिहाल्दो रहेछ आज सम्म श्रीमानबाट भयको सहुलियतले आजन्मको रिणी भयको छु। तापनि काम गरेर देखाऊला भन्ने घमण्ड हटेको छैन तेताबाट वेमूख भयमा ठूलो आघात पुग्नेछ। जो आज्ञा।

आशुकवि रामचन्द्र प्रसाद उपाध्य पौडेल २०२४।११-२०।१"

कागजको उतापट्टि : "०२४।११।२०।१ मा मदन पुरस्कार पुस्तकालयबाट आशुकवि रामचन्द्र प्रसादलाई औषधी नीमीत्त सापर्टि रु. १० (दस) ली सही गरिदिया। जयप्रसाद"

– क. दी.



## सम्पादकीय

### यो अङ्क

यो अङ्क साहित्यिक विषयभन्दा पनि अरू कुरा बढी बोकेर आएको छ । यसै पनि, नेपाल साहित्यिक पत्रकार सङ्घले 'नेपाली' लाई 'साहित्यिक पत्रिका' भनेर दरे पनि यो पत्रिका आरम्भदेखि नै पूरा साहित्यिक भएन । मदन पुरस्कार गुठीको मुखपत्रले त्यस्तो हुनु सम्भव पनि थिएन । मदन पुरस्कार तथा जगदम्बा-श्री साहित्यिक पुरस्कार नभएर नेपाली भाषाको या वाङ्मयको पुरस्कार भए जस्तै 'नेपाली' पनि भाषिक पत्रिका हो । विश्वका कुनै पनि विषयका लेख नेपाली भाषामा आएका छन् भने तिनले नेपालीमा स्थान पाउनुपर्छ भन्ने हाम्रो मान्यता हो । आजभन्दा ५३ वर्षअघि यस पत्रिकाको पहिलो अङ्कको एउटा सम्पादकीयको एकाध वाक्य यहाँ उद्धरण गर्नु सान्दर्भिक हुनेछ जस्तो लाग्यो आज । त्यहाँ लेखिएको थियो–

"खालि साहित्यिक पत्रिका मात्र यो नभएको र म.पु. गुठीको मुखपत्र पनि यसले हुन परेकोले गुठीको समाचार सूचना इत्यादि बाहेक यसमा अनौठो जमघट देखिनेछ । कतै अरनिको (बलवाहु) सँग न्यूटन बात मार्न बसेका देखिनेछन् भने कतै भानुभक्तसँग भाष्कराचार्यले कुम जोरेको फेला पर्नेछ । जङ्गबहादुरको साथी म्याडाम क्यूरी र कुलचन्द्रका साथमा कार्लमार्क्सलाई देख्दा धेरैलाई अचम्म लाग्नेछ । तर यो यस्तै छ । नेपाली वाङ्मयका सबै अङ्गले यो 'नेपाली'मा स्थान पाउनेछन्– ठाउँले भ्याएसम्म !"

**नेपाली हिज्जेको बहस**

हामीले गत अङ्क (पूर्णाङ्क २०९) मा सम्पादकीयमा टिप्पणी गरेको एउटा विषय "भाषामा बहस" भन्ने थियो । त्यसमा हामीले भने जस्तै नेपाली लेखहरूमा आएको गन्जागोललाई हटाउन मद्दत गर्ला भनेको त्यसको उल्टो भएछ। धेरैतिरबाट यहाँ पारित गरिएको हिज्जेको विरोध भएपछि यही चैत ११ गते नेपाली भाषा प्रयोगकर्ताहरूको एउटा समूहले यलमाया केन्द्र, पाटनढोकामा जम्मा भई छलफल पश्चात् 'ललितपुर घोषणापत्र २०६८' भन्ने जारी गरेको छ । त्यसमा सही गर्नेमा 'नेपाली'को सम्पादक एक जना पनि (व्यक्तिगत रूपमा) परेको छ । त्यो घोषणापत्र र त्यसमा सही गर्नेहरूको फिरिस्त पनि हामीले यसै अङ्कमा छापेका छौं । यस कुरामा अब अरूतिर पनि छलफल, बहस होलान्। सबै भैसकेपछि एउटा कुनै सर्वसम्मत निर्क्यौल निस्केला कि भन्ने 'नेपाली'ले आशा गरेको छ ।